# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २२ माघ २०८०

# सोमवार

# बैठक सङ्ख्या- १

राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १६:०० बजे प्रारम्भ भयो ।

**(१६:०३ बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, सभाको पन्ध्रौं अधिवेशनको पहिलो बैठकमा उपस्थित सम्पूर्णमा माननीय सदस्यहरूलाई म हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

सम्माननीय अध्यक्ष,<br>
राष्ट्रिय सभा,<br>
सिंहदरबार, काठमाडौं ।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम संवत् २०८० साल माघ २२ गते सोमवारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।

(रामचन्द्र पौडेल)<br>
राष्ट्रपति<br>
२०८० माघ १०

माननीय सदस्यहरू, अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौनधारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट प्रधानमन्त्रीको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

१. सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यू संवत् २०८० साल माघ ४ गते बिहीवार असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको उन्नाइसौं शिखर सम्मेलनमा सहभागी हुन युगाण्डाको राजधानी कम्पालातर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधानबमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

डिल्लीराम शर्मा<br>
सचिव<br>
२०८०/१०/०३

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँदछुः-

१. माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. वेदुराम भुसाल संवत् २०८० साल कार्तिक २१ गते जानवादी गणतन्त्र चीनको भ्रमणमा जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार र माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीको अनुपस्थितिमा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीले सम्हाल्दै आउनुभएको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभारसमेत सम्माननीय

प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्री नारायण काजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/०७/२२

२. माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्य अजरबैजानको बुकमा आयोजना हुन गइरहेको "International Conference on Advancing the Rights and Empowerment of Woman" सम्मेलनमा सहभागी हुन संवत् २०८० साल मङ्सिर ३ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आएनुभएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बुले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/०८/०४

३. माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ भारतको नयाँ दिल्लीमा सञ्चालन हुने "1st Regional Conference on Access to Legal Aid: Strengthening Access to Justice in the Global South" कार्यक्रम र साउ पाउलो, ब्राजिलमा आयोजना हुने "Ministerial Round Table of the Third Edition of the UNESCO Global Forum Against Racism and Discrimination" मा सहभागी हुन संवत् २०८० साल मङ्सिर १० गते भारततर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँका अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/०८/१०

४. माननीय वन तथा वातावरण मन्त्री वीरेन्द्र प्रसाद महतो संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजना हुने UN Framework Convention on Climate Change (UNFCCC) को २८ औं Conference of Parties मा सहभागी हुन संवत् २०८० साल मङ्सिर १३ गते त्यसतर्फ

प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/०८/१३

५. माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजना हुने "COP 28: Health Day and Climate Health Ministerial Meeting" मा सहभागी हुन संवत् २०८० साल मङ्सिर १५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/०८/१४

६. माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेत संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजना हुने "COP 28: International Solar Alliance" सम्मेलनमा सहभागी हुन संवत् २०८० साल मङ्सिर १५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/०८/१५

७. माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद कतारको दोहामा आयोजना हुने Doha Forum 2023; जेनेभामा आयोजना हुने Human Rights 75; High-level Event तथा आर्मेनियामा आयोजना हुने "LLDCs Ministerial Meeting" मा सहभागी हुन संवत् २०८० साल मङ्सिर २३ गते कतार प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र

मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/०८/२४

८. माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी साउद अरबियाको रियादमा आयोजना हुने "1st Global Labour Market Conference" मा सहभागी हुन संवत् २०८० साल मङ्सिर २५ गते साउदी अरेबियाको रियाद प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/०८/२६

९. माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत भारतमा आयोजना हुने "Vibrant Gujrat Global Summit 2024" मा सहभागी हुन संवत् २०८० साल पुस २४ गते भारतको गुजराततर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/०९/२४

१०. माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद युगाण्डाको राजधानी कम्पालामा आयोजना हुने असंलग्न आन्दोलनको १९ औं शिखर सम्मेलनमा सहभागी हुन संवत् २०८० साल माघ २ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/१०/०२

माननीय सदस्यहरू, संघीय संसदको महासचिव डा. भरतराज गौतमले २०८० मङ्सिर २४ बाट लागु हुने गरी आफ्नो पदबाट राजीनामा दिनुभएको हुँदा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम (२) को खण्ड (ढ) तथा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम (२) को खण्ड (ड) बमोजिम राष्ट्रिय सभाका अध्यक्षको परामर्शमा मिति २०८० मङ्सिर २७ बाट लागु हुने गरी अर्को व्यवस्था नभएसम्मको लागि महासचिवको सेवा सुविधा पाउने गरी संघीय संसदको महासचिवको काम गर्न प्रतिनिधि सभाका सचिव श्री पद्म प्रसाद पाण्डेयलाई सम्मानननीय सभामुखले तोक्नुभएको बेहोरा सभालाई जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालु पन्ध्रौं अधिवेशन प्रारम्भको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्नका लागि नाम प्राप्त भएको छ । अब म माननीय सदस्यलाई क्रमशः समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय सदस्य जगप्रसाद शर्मा ।

(१६:१२ बजे) **माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यहरू, पन्ध्रौं अधिवेशनको प्रारम्भमा यो पन्ध्रौं अधिवेशन देश र जनताको जीवनमा, वास्तविक जीवनमा एउटा बदलाव ल्याउने कुरामा केन्द्रित रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु, सबभन्दा पहिले । यस अधिवेशनको प्रारम्भमा महान् जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन, आदिवासी जनजाति आन्दोलनलगायत सम्पूर्ण परिवर्तनको आन्दोलनमा सहादत प्राप्त गर्ने सहिदहरूप्रति र बेपत्ता योद्धाहरूप्रति म हार्दिक सम्मान र श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । त्यस्तै घाइते योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

यस सन्दर्भमा हामी जुन ठाउँमा आइपुगेका छौं, परिवर्तन गर्दै यो ठाउँमा जुन हामी आइपुगेका छौं, यसका निम्ति प्रजातान्त्रिक योद्धा, लोकतान्त्रिक योद्धा, जननिर्वाचित प्रथम प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइराला, गणेशमान सिंह, गिरिजा प्रसाद कोइराला, जो शान्ति प्रक्रियाको हस्ताक्षरकर्ता हुनुहुन्छ, उहाँहरूलाई म विशेष ढङ्गले सम्झिन चाहन्छु । त्यस्तै वाम आन्दोलनभित्रका अग्रज योद्धाहरू पुष्पलाल श्रेष्ठ, मदन भण्डारी, मनमोहन अधिकारी, पोष्टबहादुर बोगटीलगायत अग्रज योद्धाहरूप्रति पनि यस सन्दर्भमा विशेष ढङ्गले म सम्झिन चाहन्छु ।

र केही महिनाअगाडि जाजरकोट, बझाङ, बाजुरा, अछामलगायतका ठाउँहरूमा गएको भूकम्पले जुन मानवीय क्षति गरेको छ, ठुलो एउटा विनाश भएको छ । त्यसमा मृत्यु भएका,

दिवङ्गत भएका सबैप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र सरकारको, सम्माननीय अध्यक्षमार्फत म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु कि त्यहाँको पुनः निर्माणका निम्ति सरकारको ध्यान जाओस् र त्यसलाई व्यवस्थित योजनाका साथ अगाडि बढाइयोस् भन्ने कुरा म माग गर्न चाहन्छु ।

त्यस्तै केही दिनअगाडि, केही समयअगाडि राष्ट्रिय सभाको 1/3rd, एक तिहाइ माननीयहरूको चुनाव भएको छ, चुनाव सम्पन्न भएको छ । यसबाट अब केही दिनमा बिदाई भएर जाने माननीयहरू, जसले आफ्नो कार्यकाल पूरा गरेर एउटा महत्त्वपूर्ण योगदान गरेर जानु'भो । उहाँहरूप्रति म विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । र निर्वाचित भएर आउने माननीयहरूप्रति उहाँहरूको कार्यकालको सफलताको शुभकामनासहित म बधाई व्यक्त गर्न चाहन्छु । र यस सन्दर्भमा राष्ट्रिय सभा मात्र नभएर अहिलेको व्यवस्था र संविधानको बारेमा केही प्रश्नहरू बाहिर उठिरहेका छन् । हामी सबैलाई थाहा छ, यो व्यवस्था लामो एउटा सङ्घर्षको प्रक्रिया पार गरेर आएको हो । र यसको मुख्य सुन्दर पक्ष भनेको समावेशिता र समानुपातिक, यो जो संविधानमा अङ्कित भएको छ, यो आफैंमा निकै सुन्दर पक्ष हो । यो व्यवस्थाको बारेमा, संविधानको बारेमा जुन ढङ्गले बाहिर अहिले question उठ्ने गरिराखेका छन्, यो एउटा लोकतन्त्रको सुन्दर पक्ष पनि हो । किनकि यो संघीय लोकतान्त्रिक गणतन्त्र हुँदै समाजवादमा पुग्ने, यो देशलाई समाजवादमा पुऱ्याउने जुन लक्ष्य छ, त्यसलाई त्यो mission, त्यो लक्ष्य पूरा गर्नका निम्ति अझै आलोचना, अझै खबरदारी, अझै यसलाई रचनात्मक ढङ्गले, सिर्जनशील ढङ्गले आलोचना गर्ने कुरा र यसलाई सचेत बनाउने कुरा त आफ्ना ठाउँमा सही नै होला । तर संविधानमा आँच आउने गरी, व्यवस्थामा आँच आउने गरी, कतिपय सन्दर्भमा यो राष्ट्रिय सभाको औचित्यमाथि प्रश्न उठाउने गरी त्यो ढङ्गले बाहिर प्रश्नहरू उठिरहेका छन् । त्यो बारेमा जस्तो केही बोल्नुपर्नेमा सान्दर्भिक ठान्छु यहाँ ।

हामीले तुलनात्मक रूपले विश्वभरिका देशहरूमा यो व्यवस्था, हाम्रो व्यवस्थालाई हेर्दाखेरि यो समावेशिताका हिसाबले अथवा समानुपातिकताका हिसाबले अथवा मौलिक हकका हिसाबले, वर्गीय प्रतिनिधित्वका हिसाबले, समग्र हिसाबले हेर्दाखेरि जुन व्यवस्था हामीले स्थापना गरेका छौं र जुन संविधान बनाएका छौं, यो आफैंमा निकै सुन्दर छ । भलै यसको working style का हिसाबले धेरै समस्याहरू छन् । जो सच्याउनुपर्ने, correction गर्नुपर्ने पाटाका पक्षहरू आफ्नो ठाउँमा होलान्, छन् । त्यो गम्भीरतापूर्वक correction गरेर जानुपर्छ । कि यो संविधान आफैंमा सबै हिसाबले निकै माथि छ, जसको तुलना हुन सक्दैन । र यसलाई मैले के भन्न चाहन्छु भने यो कुनै परम्परागत ढङ्गको संसदीय व्यवस्था होइन । संसारका कुनै पनि त्यस्ता संसदीय

व्यवस्थामा यो स्तरको समावेशिता, यो स्तरको समानुपातिकता र यो स्तरको मौलिक हकहरू सुनिश्चित गरिएको छैन । यसर्थ, यो आफैंमा एउटा अघि बढेको, जसलाई एउटा समाजवादउन्मुख भनेर जस्तो संविधानमा ऊ गरिएको छ । त्यसकारण यो आफैंमा एउटा व्यवस्था हो । सामन्तवाद, निरङ्कुश राजतन्त्र जो आन्दोलनबाट जस्तो पछारियो, त्यसले फेरि नयाँ ढङ्गले उठ्ने कता न कता १७ सालको सपना देख्ने, ६० सालको सापना देख्ने, फेरि प्रतिगमनको सपना देख्ने जो दुस्साहस अथवा कुचेष्टा जो गरिराखेको छ, त्यो अब सम्भव छैन । किनकि नेपाली जनताको चेतना, हाम्रो राजनीतिक दलहरूको यो एउटा चेतना, सबै हिसाबले अगाडि बढिराखेको अवस्था र स्थिति हो । तसर्थ, जसरी यो व्यवस्थामा, संविधानमा जसरी प्रश्न उठाउने गरिएको छ, त्यसलाई अझै सुदृढ गर्ने र परिमार्जन गर्ने ढङ्गले उठाएका प्रश्नहरू, उठाएका सवालहरू त आफैंमा स्वागतयोग्य छन् । तर संविधानको मूल मर्ममाथि आँच आउने गरी, संविधानमाथि प्रहार गर्ने गरी, व्यवस्थामाथि प्रहार गर्ने गरी, जे ढङ्गले question उठ्ने र उठाउने गरिएको छ, त्यसलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्छ, राज्यले गम्भीरतापूर्वक लिनुपर्छ र राजनीतिक दलहरू जो लामो एउटा सङ्घर्षबाट, सङ्घर्षको प्रक्रिया गुजारेर आएका छन्, तिनी सबै राजनीतिक दलहरूले गम्भीरतापूर्वक लिनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु ।

त्यस्तै राष्ट्रिय सभाको सन्दर्भमा भएका कतिपय जस्तो झिनामसिना कमी कमजोरीहरूलाई उछालेर यो राष्ट्रिय सभाको औचित्यमाथि जसरी प्रश्न उठाउने गरिएको छ, मैले के भन्न चाहन्छु भने यो बेलायतको लर्डहरूको सभा विषय पनि होइन । यो पञ्चायती व्यवस्थामा राजाहरूले बनाउने २००४ सालको संविधानले परिकल्पना गरेको भारदारीहरूको सभा पनि होइन । यो अलि पछि आउँदा राजाको छायामा राजाले सिधै १० जना चुन्ने, एकल संक्रमणीय प्रणालीबाट ३५ जना चुनिने, अर्को प्रक्रियाबाट १५ जना आउने गर्ने प्रकारको सभा पनि होइन । यो २०७२ को संविधानले परिकल्पना गरेको, त्यो संविधानको मूल spirit अनुरूप स्थानीय प्रतिनिधि र प्रदेशका प्रतिनिधिहरूले निर्वाचित गर्ने एउटा अविच्छिन्न र अथवा एउटा स्थायी सभाका रूपमा संविधानको मूल spirit सँग जस्तो यो जोडिएको छ । भलै राजनीतिक दलहरूले यसलाई कार्यान्वयन गर्ने क्रममा working style मा कहीँ सीमा कमजोरीहरू होलान् । त्यो correction गर्ने कुरा, त्यसलाई सुधार्दै जाने कुरा आफ्नो ठाउँमा छ । त्यसकारण यो राष्ट्रिय सभाको औचित्यमाथि प्रश्न उठाउने कुरा पनि यो सही कुरा होइन, ठिक कुरा होइन र सह्य कुरा होइन भन्ने कुरा म राख्न चाहन्छु ।

त्यसको साथसाथै, त्यसको साथसाथै कि यो राष्ट्रिय सभाले यो ६ वर्षको कार्यकालमा जो ढङ्गले संविधानले परिकल्पना गरेको यो एउटा कि त प्रत्यक्ष निर्वाचित अथवा निर्वाचन प्रणालीसँग

सम्बन्धित रहेको प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भएर यो संविधानको मूल spirit लाई कार्यान्वयन गर्न सकिने, कि एउटा कुनै निश्चित राजनीतिक शक्तिले absolute majority ल्याएर, बहुमत ल्याएर यसलाई आज सहज ढङ्गले कार्यान्वयन गर्न सकिने एउटा मूल spirit त छ । तर यो संविधान हामीले सहमतिमा बनायौं, कानुनहरू पनि सहमतिमा बन्न सक्छ । र कार्यान्वयनको प्रक्रिया पनि यो लोकतन्त्रलाई सुदृढ गर्ने कुरा एउटा सहमतिको प्रक्रियामा जान सक्छ । दलहरूको, राजनीतिक दलहरूको सीमा अथवा राजनीतिक दलहरूको समस्या भनेको त्यो सहमतिको spirit बाट कहीँ न कहीँ, कुनै न कुनै ढङ्गले जस्तो विचलित हुने कुरा चिप्लिने कुरा बरु सीमाका रूपमा रहला । त्यो समीक्षाको, आत्मसमीक्षाको विषय रहन सक्ला, तर पनि यो ६ वर्षीय कार्यकालमा यहीँ राष्ट्रिय सभामा उत्पत्ति भएका झन्डै ५७ वटा विधेयकहरूमध्ये २८ वटा विधेयकहरू कानुन बनेका छन् । उता अर्को ७८ वटा कानुन त प्रतिनिधि सभाबाट आएर बनेका छन् । र यो एउटा उल्लेखनीय पक्ष राष्ट्रिय, यो छ वर्षको कार्यकालमा मैले हेर्दा तीनवटा/चारवटा संकल्प, महत्त्वपूर्ण संकल्प प्रस्तावहरू संघीयता कार्यान्वयनसँग सम्बन्धित, छुवाछुतसँग सम्बन्धित, अपाङ्गसँग सम्बन्धित, महत्त्वपूर्ण संकल्प प्रस्तावहरू यो राष्ट्रिय सभाबाट कार्यान्वयन भएका कुराले पनि स्पष्ट गर्दछ । र त्यसको साथसाथै त्यति मात्र होइन, संसारमा, दुनियामा सबभन्दा बलवान् भनेको समय हुन्छ। त्यही मान्छे अथवा त्यही पार्टी, त्यही देशले प्रगति र उन्नति गर्न सक्छ जसले समयको परिपालना गर्छ, गर्न सक्छ । यसर्थ यो ६ वर्षको कार्यकालमा यो राष्ट्रिय सभाले समयको परिपालना गरेको छ । र यसको मुख्य श्रेय हाम्रो सम्माननीय अध्यक्षलाई जान्छ भन्ने मलाई लाग्छ । किन एउटा समयको परिपालना जो ढङ्गले भएको छ, यो आफैँमा देख्दा सामान्य र सरल कुरा भएपनि यो एउटा महत्त्वपूर्ण कुरा हो । एउटा राष्ट्रमै, देशमै नजिरको रूपमा स्थापित भएको छ । र यसलाई यो ढङ्गले पनि जस्तो लिन सकिन्छ, यो अर्थमा राष्ट्रिय सभालाई राष्ट्रिय सभाको औचित्य, यसको सार्थकतालाई अझ नयाँ ढङ्गले लिने अहिले नयाँ चुनिएर आएका, यहाँ रहेका यो सबैले यसको औचित्य अझ नयाँ ढङ्गले पुष्टि गर्नुपर्ने चुनौती पनि हाम्रा अगाडि छ । यसलाई जस्तो पुरा गर्नुपर्छ भन्ने कुरा पनि मलाई लाग्छ ।

सम्माननीय अध्यक्ष महोदय, थोरै म अर्को कुरा के राख्न चाहन्छु भने यतिखेर सरकारको मुख्य अभिभारा भनेको, मुख्य सरकारको मुख्य अभिभारा भनेको सुशासन, सामाजिक न्याय र समृद्धि हो । नेपाली जनताको खुसी र नेपाल राष्ट्रको समृद्धि भनेको लक्ष्य हो । त्यो लक्ष्यमा पुग्न, त्यो गन्तव्यमा पुग्नका निम्ति कुनै न कुनै बाटो अपनाउनुपर्ने हुन्छ । त्यो बाटो भनेको सुशासनको बाटो हो, त्यो बाटो भनेको सामाजिक न्यायको बाटो हो, त्यो बाटो भनेको कि

समृद्धिको बाटो हो । त्यो बाटोबाट मात्रै जनतालाई खुसी बनाउन, जनताको खुसी र नेपाल राष्ट्रको समृद्धि प्राप्त गर्न सकिन्छ । त्यो गन्तव्यमा पुग्न सकिन्छ अथवा त्यो लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने मलाई लाग्दछ । तसर्थ सुशासनका हिसाबले र सामाजिक न्यायका हिसाबले वर्तमान सरकारले केही महत्त्वपूर्ण कामहरू अगाडि बढाएको छ । चाहे भ्रष्टाचार विरोधी अभियान, सयौं मान्छेहरू जेलमा जाने कुरा, ठुल्ठुला भ्रष्टाचारका फाइलहरू खुल्दा एउटा तरङ्ग समाजमा मात्र नभएर, संघसंस्थाहरूमा मात्र नभएर, राजनीतिक पार्टीहरूमा समेत ठुल्ठुला तरङ्गहरू जाने स्थिति जो पैदा भएको छ । किन भ्रष्टाचार आफैंमा क्यान्सर जस्तो रोग हो । चाहे त्यो राजनीतिक पार्टीमा होस्, चाहे संघसंस्थामा होस्, चाहे समाजमा होस्, चाहे राजनीतिक पार्टीका शीर्ष नेताहरूमै किन नहोस्, त्यो क्यान्सर रोगका विरुद्ध लड्न सबै आआफ्ना ठाउँबाट तयार हुनुपर्छ । तब मात्रै देशमा हामीले सुशासन कायम गर्न सक्छौं, तब मात्रै देशमा हामीले सामाजिक न्याय स्थापना गर्न सक्छौं र समृद्धिको बाटोबाट अगाडि बढेर हामीले त्यो लक्ष्य प्राप्त गर्न सक्छौं । त्यस्तै चाहे स्वास्थ्य, चाहे विद्युत्, चाहे सूचना सञ्चारलगायत सबै क्षेत्रमा के उल्लेखनीय कामहरू भएका छन्? तर अपेक्षाकृत पूरा हुन सकेका छैनन् । किनकि सहमति, सहकार्यको केही अभावका कारण पनि जस्तो भएको छ । तसर्थ सरकारका कामहरू एउटा ढङ्गले, जस्तो प्रभावकारी ढङ्गले अगाडि बढ्न खोजिराखेका छन् ।

म यति कुरा राखेर अन्तमा म के भन्न चाहन्छु भने कि हामी १५ औं अधिवेशनको पूर्व सङ्घारमा छौं । यतिखेर थुप्रै विधेयकहरू मतलब जस्तो ल्याउनुपर्ने र अगाडि बढाउनुपर्ने आवश्यकता छ । एउटा महत्त्वपूर्ण कुरा हामीले नेपालमा जो ढङ्गले परिवर्तन गऱ्यौं, यो परिवर्तनका ३ वटा पिल्लर एउटा सेना समायोजन, दोस्रो संविधान निर्माण र तेस्रो शान्ति प्रक्रियालाई पूर्णता दिने, यो तीनटा महत्त्वपूर्ण अभिभाराहरू हुन् । सेना समायोजन जे जस्तो भएपनि सम्पन्न भयो, संविधान निर्माणको काम पनि त्यो पूरा भयो । र शान्ति प्रक्रियाको काम विगत १५ वर्षदेखि रहेको छ । यसको दोष अरू कसैलाई दिएर हुँदैन । हामी राजनीतिक पार्टीहरूले नै कहिले कसैले, कहिले कसैले यसलाई राजनीतिक दाउपेचको रूपमा लिएर कतै यो १५ वर्ष त लम्बिएन? भन्ने कुरा हामीले गम्भीरतापूर्वक समीक्षा गर्न जरुरी छ । यो कुनै एउटा पार्टी विशेषको कुरा होइन । यो समग्र परिवर्तनको प्रक्रियासँग, यो व्यवस्थासँग यो जोडिएको प्रक्रिया हो । किनकि मैले अगाडि भनें, सेना समायोजन भयो, संविधान निर्माण भयो, शान्ति प्रक्रियाको काम टुङ्गो लगाउने कुरा आफैंमा महत्त्वपूर्ण कुरा हो र एउटा राष्ट्रिय समस्या हो । एउटा राष्ट्रिय आवश्यकता हो, राष्ट्रियका कार्यभार हो । यो कार्यभारलाई पूरा गर्नका निम्ति चाहे सत्तापक्ष, चाहे प्रतिपक्ष सबै एक ठाउँमा उभिएर यसलाई पूरा गर्नुपर्छ भन्ने कुरा मैले राख्न

चाहन्छु । र त्यसको साथसाथै अन्य कैयौं संघीयता कार्यान्वयन र जनताको जीवनस्तर बदल्नेसँग आधारभूत केही कानुनहरू छन् । चाहे त्यो प्रहरी ऐन होस्, जो अगाडि बढेको छ यसलाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । निजामती ऐन, वन, भूमिलगायत महत्त्वपूर्ण जस्तो कानुनहरू छन्, विधेयकहरू त्यो अहिले यो हिउँदे अधिवेशनलाई वास्तविक एउटा बजेट अधिवेशन बनाएर अगाडि लिनुपर्छ । यो सम्माननीय अध्यक्षमार्फत म सरकारको ध्यान आकर्षित गर्न पनि चाहन्छु ।

र त्यसको साथसाथै यतिखेर हामी यो अवस्थामा छौं कि पञ्चवर्षीय योजना, सोह्रौं पञ्चवर्षीय योजना बनाउने एउटा सङ्घारमा छौं । १९३० मा जाँदा दिगो विकास लक्ष्यको एउटा उसमा पनि जस्तो पुग्ने एउटा महत्त्वपूर्ण अवस्थामा हामी छौं । त्यसैले यो हाम्रा निम्ति आफैंमा एउटा महत्त्वपूर्ण अवसर पनि हो, चुनौती पनि हो । यसर्थ हामीले देश बनाउने कुरा, राष्ट्र बनाउने कुरालाई हामीले नयाँ ढङ्गले अगाडि बढाउनका निम्ति यो प्रक्रियालाई अगाडि बढाउनुपर्छ भन्ने कुरा म गम्भीरतापूर्वक राख्न चाहन्छु । र अन्तमा फेरि पनि यो पन्ध्रौं अधिवेशन हामी सबैले आफ्नो ठाउँबाट गम्भीरतापूर्वक आत्मसमीक्षा गर्दै, सबै राजनीतिक दलहरूले गम्भीरतापूर्वक आत्मसमीक्षा गर्दै, सरकारले पनि आफ्नो ठाउँबाट गम्भीरतापूर्वक आत्मसमीक्षा गर्दै यो पन्ध्रौं अधिवेशनलाई एउटा महत्त्वपूर्ण अधिवेशन, एउटा विधेयक निर्माण, कानुन निर्माणका हिसाबले एउटा icebreak गर्ने अधिवेशनका रूपमा यसलाई अगाडि बढाउन सकोस् भन्ने शुभकामनासहित मेरा भनाइ यहीं राख्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य देवेन्द्र दाहाल ।

(१६:२८ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आजदेखि संसदको पन्ध्रौं अधिवेशन सुरु भएको छ । नेपालको संविधानअनुसार सबै प्रदेशबाट समावेशी ढङ्गले दुई वर्षका लागि खाली हुने स्थानको लागि राष्ट्रिय सभा सदस्यको निर्वाचन यसैबिचमा सम्पन्न भएको छ । यस सभामा १९ जना सांसदहरू निर्वाचित भएर आउनुभएको छ । सपथ ग्रहणपछि उहाँहरू पनि यस सभामा समावेश हुनुहुने छ । नयाँ निर्वाचित भएर आउनुहुने राष्ट्रिय सभाका सदस्यज्यूहरूलाई हार्दिक बधाईसहित सफल कार्यकालको अग्रिम शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम आजको यस अधिवेशनमार्फत ती ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धासुमन पनि अर्पण गर्न चाहन्छु । जसले मुलुकको लागि, प्रजातन्त्रको

लागि, लोकतन्त्रको लागि र जनवादी व्यवस्थाको स्थापनको लागि ज्यान आहुति दिनुभएको थियो । उहाँहरूप्रति सम्झन चाहन्छु ।

आज हाम्रो संघीय संसदको महासचिवको पद खाली अवस्थामा छ । भर्खरै मात्रै सम्माननीय अध्यक्षज्यूले खाली भएको कुरा यहाँ सुनाउनुभयो । तर यो अधिवेशनको सुरु भइसक्दा पनि कार्यवाहकबाट काम चलाउनुपर्ने परिस्थिति किन सिर्जना भयो? हामीले कस्तो राष्ट्रपति पायौं? निकै लामो अध्ययन चिन्तन गर्ने । राष्ट्रपतिज्यू अब तपाईंको अध्ययन चिन्तन बढी भएन र? एउटा संसदको महासचिवमा तपाईंको चलखेल किन? आज विनम्रपूर्वक आज यस सभाको बैठकमा आग्रह गर्दछु । हामीलाई कानुनअनुसार सिफारिस गरिएको महासचिव अविलम्ब दिनुहोस् । मलाई विश्वास छ आगामी बैठकमा हामीले, बैठकहरूमा हामीले सम्माननीय राष्ट्रपतिको विरुद्धमा अलि कडा शब्द प्रयोग गर्नुपर्ने छैन । राष्ट्रपति भनेको सम्मानित पद हो । यसको गरिमालाई कायम राख्न आग्रह गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, म यस समाजमा विभिन्न समस्याहरू खडा छन् । ती समस्याहरूको बारेमा धेरै विस्तार पूर्वक त भन्न चाहन्नँ । हामीसँग समय पनि छैन । तर यस रोस्टममा उभिएर आफ्ना कुराहरू राखिरहँदा असाध्यै गम्भीर र जिम्मेवारी बोधका साथ उभिएको छु । यतिबेला हामीले नै स्थापना गरेको लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको सुदृढीकरणको हामी चरणमा छौं । तर यो सुदृढ हुँदैछ कि कमजोर हुँदैछ? यो प्रश्न हाम्रो अगाडि खडा भएको छ । यहाँ उभिएर आफ्ना विचारहरू राखिरहँदा अवश्य नै पनि सत्ताधारी गठबन्धनका अकर्मण्यताका कारण यो व्यवस्थालाई कमजोर बनाइँदैछ । आफूले काम गर्न नसक्नका कारण सरकार कमजोर हुन सक्छ । तर राज्य कुनै पनि हालतमा कमजोर हुन दिनुहुँदैन। यदि राज्य कमजोर भयो भने स्वाभाविक रूपले अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूले चलखेल गर्ने, राष्ट्रिय निरङ्कुशतावादी शक्तिहरू हावी हुन थाल्ने, जनतामा निराशा हुने गर्छ । सामाननीय अध्यक्ष महोदय, जब सरकार कमजोर हुन्छ, राज्यका सम्पूर्ण अङ्गहरूलाई कमजोर बनाइन्छ, मुलुकमा भ्रष्टाचार व्याप्त हुन्छ, सुशासनको हुर्मत लिइन्छ । अहिलेसम्म सात महिना बितिसक्दा पनि विकासले लय समात्न सकेको छैन । कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्था छ । व्यापार व्यवसाय धरापमा परेको छ । यतिबेला प्रतिपक्ष जिम्मेवार बन्नुपर्ने र जनताका आवाज गम्भीरतापूर्वक उठाउनुपर्ने गहन जिम्मेवारी आएको छ । हामीले पनि नउठाए जनताका समस्या कसले उठाउने? यो समस्या रहेको छ । जनतालाई सरकार नै छैन कि? जस्तो भएको छ ।

कार्तिक १७ गते जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पपछि पुनः निर्माण र पुनः स्थापनाको काम अत्यन्त निराशाजनक छ । अस्थायी आवास र न्यानो कपडाको अभावमा ४० जना भन्दा बढी भूकम्प पीडितहरूको ज्यान जानु निकै नै दुःखद कुरा हो । भ्रष्टाचार, कुशासन र राजनीतिक बेथितिले समाजमा चर्को असन्तुष्टि छ । यसलाई उपयोग गरेर लोकतान्त्रिक प्रणाली, गणतन्त्र वा संवैधानिक व्यवस्थाविरुद्ध प्रयोग गर्न सकिन्छ कि भनेर चलखेल भइरहेको तर्फ यो सरकारको ध्यान गएको देखिँदैन । लाग्छ कि यो सरकार नै यो व्यवस्थालाई कमजोर पार्न लागेको छ । यो सरकारले मुलुकका विभिन्न सूचकहरू सकारात्मक दिशातर्फ गइरहेको दाबी गरे पनि राजस्व सङ्कलनले चालु खर्च धान्न सकिरहेको छैन । पुँजीगत खर्च यस वर्ष त २०% पनि पुगेको छैन । सरकारले बजेट ल्याएको ७ महिना बितिसक्दा यही माघ १९ गतेसम्ममा हेर्दाखेरि राजस्व सङ्कलन लक्ष्यको ३७% मात्र भएको छ । के अबको पाँच महिनामा लक्ष्यअनुसारको थप ६३% राजस्व सङ्कलन सम्भव होला? यतिबेला ५०% राजस्व सङ्कलन भइसकेको हुनुपर्थ्यो । यसबाट यो वर्ष पनि झन्डै ४ खर्ब राजस्व न्यून हुने निश्चित भएको छ । यतिबेला स्वाभाविक रूपमा विकास बजेटमा प्रभावित पार्ने छ । ठुल्ठुला विकास परियोजनाको प्रगति शून्य बराबर हुने स्थिति रहेको छ । राजस्व सङ्कलनमा कमी आउँदा कुन कुन विकास आयोजनाहरू कटौती हुँदै छन्? यो सरकारको गृहकार्य के छ? मैले यस विषयमा सरकारको धारणा बुझ्न चाहेको छु । राजस्व कम उठ्नुमा यो सरकारको भ्रष्ट प्रवृत्ति जिम्मेवार रहेको छ। जस्तैः यो सरकार सेटिङमा काम, करका दरहरू हेरफेर गरेर, करका दरहरू हेरफेर भन्नाले बढाउन त यो संसदकै अनुमति लिनुपर्ला तर सरकारले निर्णय गरेर निश्चित वस्तुहरूमा करका दर घटाउने त गरिरहेको छैन? यसको छानबिन कसले गर्ने? यो निकै गम्भीर र जटिल विषय बनेको छ । भ्रष्टाचारलाई संस्थागत गर्नको लागि सेटिङमा भन्सारका कर्मचारीहरू व्यापक हेरफेर गरिएको छ । यसले पनि राजस्व सङ्कलनमा असर पारेको छ । एउटा प्रश्न के छ भने यो सरकारले किन टिक्नुपर्ने? यसले के काम गरिरहेको छ? तर यो सरकार चाहिँ सत्ता कसरी जोगाउने भन्ने ध्यानमा लागिरहेको छ । नेकपा एमालेले मध्य-पहाडी पुष्पलाल लोकमार्ग केन्द्रित अभियान सञ्चालन गरेको छ । त्यस अभियानबाट मुलुकलाई कायापलट गर्ने खालका उत्पादनमा वृद्धि, जडीबुटी प्रशोधन जस्ता उद्योगहरूको स्थापना, रोजगारी सिर्जना र ठुला विकासका परियोजनाहरू सञ्चालनका सम्भावनाहरू देखिएको छ । यसको बारेमा प्रधानमन्त्रीको समेत ध्यानाकर्षण गराइएको छ । यसरी नै यस लोकमार्गको विभिन्न भूभागमा थुप्रै आधुनिक सहरहरूको विकास गरेर व्यापार व्यवसायको प्रवर्धन गर्दै पहाडको बसाइलाई, बसाइँसराइलाई रोक्न सकिन्छ । तर यो सरकारसँग यस विषयमा कुनै योजना छैन । हुनत आज एउटा जबरजस्त भाष्य निर्माण गर्न खोजिएको छ । सबै उस्तै हुन्, यहाँ केही हुँदैन, यो देशको विकास

हुनै सक्दैन भनेर निराशाको खेती गरिँदै छ । हामी केही भनिरहेका छौं भने सबै उस्तै किमार्थ पनि हुन सक्दैनन् । यहाँ एमाले पनि छ भन्ने कुरा बुझ्नु आवश्यक छ । मान्छेमा रहेको यो यस्तो भ्रम छ, त्यो चिर्न कठिन भएको छ । सबै केही गर्न नसक्ने उस्तै उस्तै पार्टी मिलेर गठबन्धन नामको सरकार बनेको छ त, यहाँ के हुन्छ र? यो कुरा पो बुझ्नुपर्‍यो त । तर मिडियाबाजी गरेर भरसक केही कुरा ढाकछोप गर्न खोजिएको छ ।

सम्मानीय अध्यक्ष महोदय, यो सभा सुरु हुँदै गर्दा यो सरकारसँग केही प्रश्नहरू छन् । १०० केजी सुन काण्ड के भयो? ललिता निवास जग्गा प्रकरण के भयो? भुटानी शरणार्थी काण्ड के भयो? यो सरकारका प्रधानमन्त्री र गृह मन्त्रीको निकै हाइ साउन्डसहितको भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताका विषय किन गुपचुप छन्? एउटै काण्डका थुनामा रहेका पूर्व गृह मन्त्री बालकृष्ण खाँण धरौटीमा थुनामुक्त र टोपबहादुर रायमाझी किन जेल चलान? अदालतको विषय हो भनेर मात्र भन्ने हो कि यसमा सत्ताको दबाब पनि छ? यसमा सत्ताको छाया कुनै न कुनै रूपमा रहेको अनुमान गर्न सकिन्छ । Ncell खरिद बिक्री प्रकरणको विषय निकै नै रहस्यमय छ । यसमा यो सरकार कुनै संलग्नताको विषय गम्भीर रूपले उठेको छ । यो खरबौंको मूल्य रहेको र केही वर्षमा स्वतः सरकारको मातहतमा आउने यो कम्पनी केही अरबको मूल्याङ्कन गरेर कारोबार गर्नु राजस्व ठगीको विषय मात्र होइन, यो राष्ट्रप्रतिको गद्दारी पनि हो भनेर भन्नु किन नसक्ने? सुनकाण्ड छानबिन गर्नुभन्दा महिनौं दिनसम्म सदन अवरुद्ध गर्नुपर्ने, बाध्यात्मक अवस्था सिर्जना गर्नुपर्ने, यो सरकारले यो ncell काण्डको बारेमा आफ्नै किचन क्याबिनेटको मान्छेको संयोजकत्वमा हतार हतार छानबिन समिति बनाउनु निकै रहस्यमय विषय बनेको छ । प्रधानमन्त्री र उनको परिवारको नाम जोडिएर आएको यो विषयको छानबिन समितिको संयोजकको अनुहार हेर्दा दुधको साक्षी बिरालो भन्ने उखान चरितार्थ हुने कुरा निश्चित जस्तै देखिएको छ ।

सहकारी ठगी प्रकरण हाम्रो अगाडि छ । आफूलाई अब्बल क्रान्तिकारी भ्रष्टाचार नियन्त्रणको मसिहा ठान्नेहरूले नै यसमा मुछिएका छन् । हजारौं जनता सहकारी ठगीबाट प्रताडित भएका छन् । यो काण्डले मिटर ब्याजी पीडित जनताको समस्या ओझेलमा पारेको छ, सङ्क्रमणकालीन न्यायको विषय अलपत्र परेको छ । यससम्बन्धी विधेयक प्रतिनिधिसभा विचाराधीन अवस्थामा रहेको छ । यसका केही विषयहरू टुङ्गो लगाउन बाँकी रहेको छ । मानव अधिकारको गम्भीर उल्लङ्घनमा समावेश गरिएको, स्वेच्छाचारी रूपमा क्रुरतापूर्वक गरी हत्याको, दोहोरो भिडन्तबाहेक गरिएको हत्याको सन्दर्भमा, सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई सम्बोधन गर्ने सन्दर्भमा, मानव अधिकारको उल्लङ्घनको घटना

मेलमिलापको लागि पीडितको स्वतन्त्र रायको सन्दर्भमा र घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर कम गर्न सकिने अवस्था गर्ने वा प्रतिशत नै तोकेर जाने भन्ने विषय जस्ता विषयहरू गम्भीर रूपमा छन् । गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई कसरी अन्देखा गर्न सकिन्छ? राज्यले प्रतिरोधको लागि युद्धमा पठाएका सुरक्षाकर्मीहरूलाई होलसेलमा कसरी पीडक भन्न सकिन्छ? एकपक्षीय मात्र न्याय खोज्ने अभिप्रायबाट ल्याएको यो विधेयकलाई जस्ताको तस्तै कुनै हालतमा पनि स्वीकार गर्न सकिँदैन । यो विधेयक पीडितमैत्री हुनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ । यो विधेयक सहमतिमै पारित हुन जरुरी छ । सहमति नजुटाई बहुमतको आधारमा यदि यो विधेयक पारित गरिन्छ भने नेकपा एमाले यसको विरुद्धमा उठ्ने छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य रमेशजंग रायमाझी ।

(१६:४० बजे) **माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, आज हामी पन्ध्रौं अधिवेशनको शुभारम्भमा छौं । यो शुभारम्भको दिन म नेपाली जनतालाई सम्झन चाहन्छु । जसको बलिदानले आज हामी खुल्ला राजनीतिमा यसरी आफ्नो अभिव्यक्तिहरू, आफ्ना पार्टीका अभिव्यक्तिहरू स्वतन्त्र रूपले राख्ने अवसर प्राप्त गरेका छौं । ती सहिदप्रति सम्झना गर्न चाहन्छु र उहाँहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु र यो अधिवेशनको पूर्ण सफलताको शुभकामना पनि व्यक्त गर्न चाहन्छु । वास्तवमा हामीहरूलाई यो दिन ल्याउनको लागि नेतृत्व गर्ने बीपी कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, शुशिल कोइराला वामपन्थी आन्दोलनका नेतृत्व गर्ने नेताहरू पुष्पलाल, मदन भण्डारी, मनमोहन अधिकारी, महिलानेत्री मङ्गलादेवी सिंह, शैलजा आचार्य, सहाना प्रधानलाई पनि म एकपटक सम्झन चाहन्छु । वहाँहरूको योगदानले हामीहरू आज यो खुल्ला राज्यमा छौं । र हामी सत्तापक्ष र प्रतिपक्षको भूमिकामा पनि पुग्ने अवसर हामीलाई ती नेताहरूले, ती अग्रजहरूले दिएको कारणले आज हामी यहाँ उपस्थित छौं ।

वास्तवमा हाम्रो रूप परिवर्तन हुन्छ । मलाई कहिलेकाहीँ अनौठो लाग्छ । सत्तामा नहुँदा हामी आफूलाई मान्छे ठान्छौं । आफूलाई ठुलो मान्छे ठान्छौं । प्रतिपक्षमा पुगेपछि हामी आफूलाई सबै चिज समाप्त भएको, अब केही हुँदैन निराशाको जस्तो अवस्थामा आफूलाई त्यो खालको कुरामा उभ्याएको देख्छु मैले राजनीतिलाई । त्यस्तो होइन राजनीति भएको निरन्तर रूपले गरिराख्ने कुरा हो । परिवर्तनको कुरा हो । हामीले ल्याएको परिवर्तन, हाम्राबारेमा प्रश्नहरू

उठिरहेका छन् आज । हामीले केका लागि परिवर्तन गरेका थियौं? हामी मुलुक र जनताका लागि परिवर्तनमा लागेका मान्छेहरू, आज हाम्राबारेमा प्रश्न उठ्दाखेरि हामी सबै राजनीतिक दलका विशेष गरेर ०६२/०६३ सालका जनआन्दोलनमा सहकर्मी भएर हिंडेका राजनीतिक पार्टीहरू बसेर यसलाई साम्य पारेर किन हामी प्रयास गर्दैनौं? हामी कोसिस गर्दैनौं? हामी त्यो बाटोमा किन जाँदैनौं? हामी कहीं वार्ता गऱ्यौं । छलफल गऱ्यौं । प्रधानमन्त्रीले बोलाएको meeting मा गयौं । अनि फेरि मिडियाले पनि प्रश्न उठाउने हामी यो व्यवस्थाको पक्षमा छौं । हामी यो व्यवस्थालाई बलियो बनाउने पक्षमा छौं । यो व्यवस्था जति बलियो भयो यो मुलुकको उन्नति र प्रगति हुन्छ भन्ने हामीलाई लागेको छ । र त्यसैले यो व्यवस्थाको लागि धेरै मान्छेले सहिद भएका हुन् । ती अहिले पनि कयौं मान्छेहरू जिउँदा सहिदहरू छन् । लास भएर बसेका छन् । तर पनि तिनको गुनासो छैन । जसले हामीले सत्ता चाख्यौं । सत्ताका बागडोरहरू सम्हाल्यौं । पटक पटक सम्हाल्यौं । एउटा पार्टी भन्दिनँ । म जुन पार्टीको प्रतिनिधित्व छु, त्यो पार्टीले पनि पटक पटक नेतृत्व गऱ्यो । ०६२/०६३ को जनआन्दोलनपछाडि गरेको माओवादी पनि पटक पटक नेतृत्व गऱ्यो । एमाले त हरेक सरकारमा छिरेकै पार्टी हो । हरेक सरकारमा छिरेको पार्टी हो । अल्पमतको सरकार बनाएको बेलामा हामीले बहुमत बनाइदेर सरकार ९ महिनासम्म टिकाइदेको पार्टी हो । त्यो पार्टी आज केही समयदेखि सरकारबाहिर भएपछि त्यो पार्टी छट्पट्टिएको छ । यसरी छट्पट्टिएको छ । आफू अरूलाई गठबन्धन गरेर अगाडि बढ्दाखेरि त्यो पवित्र गठबन्धन हुन्छ । अरूले त्यो गठबन्धन गऱ्यो भने त्यो अपवित्र हुन्छ । र मुलुक चाहिँ अब समाप्तै भइहाल्यो, केही छैन, अब केही बाँकी नै रहेन भन्ने खालको हात टक्टकाउने काम नेकपा एमाले भन्ने हाम्रो एउटा पार्टी छ । अहिले भर्खरै पनि मैले सुनें माननीयज्यूको अभिव्यक्ति, नेकपा एमाले भन्ने पार्टी छ भनेर भन्नुभा' छ । हामीले छ र नै प्रतिपक्षमा छ भन्ने हामीलाई राम्ररी थाहा छ । हामीले भनिरा'का छौं तपाईंहरू सत्तामा जानको लागि तयार हुनुहुन्छ । सत्तामा जाने प्रयासमा हुनुहुन्छ । त्यो प्रयास असफलता भएको कारणले यो पीडा त भएको होइन? हिजो हाम्रो गठबन्धनका प्रधानमन्त्रीलाई, हाम्रो गठबन्धनको नेतालाई तोडेर लेर जाँदाखेरि तपाईंहरूलाई जति आनन्द भएको थियो । त्यो गठबन्धन फेरि एकता हुँदाखेरि तपाईंहरूलाई त्यो दिनको पीडा अहिलेसम्म अझै पनि यतिकै छ । त्यसकारण पनि पीडाले राजनीति रहँदैन । पीडाले राजनीति बन्दैन । त्यसकारण मेरो आग्रह हो । यो मुलुकमा अहिले एकदमै निराशाको अवस्था छ ।

सम्माननीय प्रधानमन्त्रीको पनि उपस्थिति छ यहाँ । राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने वरिष्ठ दुई जना माननीयज्यू पनि सरकारको मन्त्री हुनुहुन्छ । र हामीले गर्नुपर्ने कुराहरूको

विषयमा अलिक बढी सरकारलाई पटक पटक प्रधानमन्त्रीले गुनासो गरिरहनुभएको छ । मलाई मेरो मन्त्रीहरूबाट सहयोग भएन । मैले गर्न खोजेअनुसारको मन्त्रीहरूको सहयोग नभएको कारणले मैले मेरो गन्तव्य, मैले जान खोजेको बाटोमा पुग्न सकिनँ भनेर प्रधानमन्त्रीको गुनासो छ । मन्त्रीज्यूहरूलाई मेरो आग्रह छ । तपाईंहरूलाई हामीले सम्मानपूर्वक त्यो ठाउँमा पुऱ्याएका हौं । नेपाली जनताको पक्षमा यो सरकारलाई बलियो बनाएर नेपालको राजनीतिलाई पनि अझै व्यवस्थित गरेर यो व्यवस्थालाई व्यवस्थित गर्नलाई त्यो जिम्मेवारी दिएको हो । तर तपाईंहरू खालि केही मान्छेलाई भेटेको भरबाट, केही मान्छेसँग फोटो खिचाएको भरबाट, केही मान्छेलाई डेलिगेसन, भेटेको भरबाट हामी सफलतामा पुग्यौं भनेर नठान्नुहोस् । यतिले मात्रै सफलता प्राप्त हुँदैन । प्रधानमन्त्री उकालो चढ्न खोज्ने तपाईंहरू पछाडिबाट दौरा तान्ने काम भयो भने यो सरकार सफल हुँदैन । त्यसकारण हामीले यो सरकारलाई सफल बनाएनौं भने अब बन्ने सरकार कस्तो हुन्छ? अब बन्ने सरकारले के दिन्छ हामीलाई? अब बन्ने सरकारबाट हामीले के आशा गर्न सक्छौं? खालि राजनीतिको लागि मात्रै राजनीतिक लडाइ हामीले लडेर हुँदैन । आज हामीसँग १६ लाख युवाहरू एक वर्षमा विदेश गए भन्ने छ । ७० हजार त देशै छोडे भन्ने छ । आज ती १६ लाख मान्छेहरूले के भन्छन् भने उनी आफ्नो कारणले मैले देश छोडेको भन्दैनन् । सरकारले अवसरहरूको खोजी नगरेको कारणले, सरकारले हामीलाई रोजगारी नदिएको कारणले, सरकारले देशमा बस्ने अवस्था सिर्जना नभएको कारणले हामीहरू विदेश पलायन भएका छौं । त्यो १६ लाख परिवारसँग उनका परिवार पनि जोडिन्छन् । विदेशमा गइसकेपछि उनले केही न केही पैसा कमाउँछन् । उनको बाउ आमाको उपचारमा पैसा पठाउँछन् । दबाई किन्न पैसा पठाउँछन् । भाइबहिनीलाई मोबाइल पठाउलान् । लुगा पठाउलन् । स्कुलको fees तिरेर पठाउँछन् । तिनले भोलि के भन्छन् भने हामीहरू मुलुक किन छोड्यौं भने हिजो ०६२/०६३ को जनआन्दोलनमा आएका शक्तिहरू नेपाल काँग्रेस, नेकपा एमाले, नेकपा माओवादीको कारणले हामीले देश छोडेको भनिरा' छ । त्यो परिवारलाई हिजो हामीलाई मत हालिराखेको परिवारलाई मेरो छोरोले देश छोड्नुपरेको कारण यी राजनीतिक पार्टी हो । यी राजनीतिक पार्टीका कारणले मेरो एउटो छोरोले देश छोड्यो अथवा मैले देश छोडें भनेर हाम्रो विकल्पमा अरू शक्ति खोज्नुपर्ने अवस्था सिर्जना भयो भने के हुन्छ त्यतिखेर? परिणाम के हुन्छ हामीले? पन्ध्र तियाँ पैंतालिस लाख भोट होला । पचास लाख भोट होला । पचास लाख भनेको पचासओटा सांसद होला । पचासओटा प्रत्यक्ष, पचासओटा समानुपातिक सयओटा अहिले गठबन्धन तीनटा राजनीतिक विशेष गरेर तीनटा राजनीतिक पार्टीका मैले लिएका नाम लिएका राजनीतिक पार्टीका नेतृत्वमा रहेको सयओटा, दुई सयओटा मत माननीयहरू सयओटा घट्दाखेरि हाम्रो अवस्था के होला? त्यसकारण गम्भीर भएर सोच्नुपर्ने

अवस्था लाग्छ मलाई आज । यसलाई सामान्य रूपमा सोचिन्छ भने यसले भोलि गाई र त्रिशुल खेल्नेजस्तो स्थिति हुन सक्छ । त्यसकारण मैले आग्रह गरिरहेको छु मेरो नेताहरूलाई हाम्रो यो व्यवस्थाको विकल्प खोजिरहेको छन् जनताहरूले । जनताले खोजिरहेको छ आज । जनताले हामीलाई सुध्र भनिरहेको छ । हामी सुध्रिने कि नसुध्रिने? हामी असल बन्ने कि नबन्ने? हामीले मन्त्रालयमा बसेर, विकासे मन्त्रालयमा बसेर काम गर्न नसक्ने हो भने प्रधानमन्त्रीको इच्छा पूरा हुन्छ? जनताको इच्छा पूरा हुन्छ?

नारायणगढबाट बुटवल जानुपऱ्यो भने अहिले मान्छे जान सक्दैन । ज्यान माया मारेर हिँड्नुपर्ने अवस्था छ । मधेस प्रदेशमा त्यही अवस्था छ बाटोको अहिले अवस्था । जतातत्तै त्यही अवस्था छ । र खर्च हुँदैन सरकारको बजेटमा । प्रधानमन्त्रीले भनेको कुराहरू पनि लागु हुँदैन । व्यवस्थाको निर्माण व्यवसायको पैसा देऊ भनेर पटक पटक प्रधानमन्त्रीले भनेको मैले मेरै कानले सुनेको छु । प्रधानमन्त्रीको कार्यालयमा जाँदाखेरि तर अर्थमन्त्रालयबाट त्यो पैसा पनि निकासा नभइरहेको अवस्था सुनिरहेको छु । एउटा व्यवसाय गरेको मान्छेले आफूले लगानी गरेको पैसा फिर्ता काम गरिसकेपछि भुक्तानी पाऊँ भन्दा पनि पटक पटक भन्दा पनि भुक्तानी नदिने भने उसले आफ्नो मजदुर जसलाई मजदुरी गराएको थियो त्यसको पारिश्रमिक दिन सकेन भने के हुन्छ? हामी यो स्थितिमा छौं आज । त्यसैले म आग्रह गर्न चाहन्छु । सबैलाई हामीले अब यो stunt गर्ने बेला होइन । Stunt गरिरहेको छ । हामी अर्को नयाँ अहिले आएका राजनीतिक पार्टीको नक्कल गरिरहेका छौं । केही राजनीतिक पार्टीहरू आएका छन् । जन्मेका छन् । तिनले गरेका कुराहरू, तिनका खालका कपी गरेर हामी अब stunt बाजी गरिरहेका छौं । सरकारमा बस्ने मान्छेहरूले त काम पो गर्ने हो त नाटक गर्ने होइन । नौटङ्की गर्ने होइन । नौटङ्की बढी भयोजस्तो लाग्छ मलाई ।

स्वास्थ्य मन्त्रालयको कुरा त्यस्तै आउँछ । आजकल गृहमन्त्रीज्यूको पनि कुरा अलि अलि त्यस्तै आउन थालिसक्यो । गृहमन्त्रीज्यूको यही रोस्टमबाट मैले प्रशंसा गऱ्या थिएँ । म केही खान्नँ, केही गर्दिनँ । म काम गर्छु भनुभा' थियो । मलाई खुसी ला' थियो । मैले यही रोस्टमबाट तपाईंजस्तै गृहमन्त्री खोजेको थिएँ मैले । तर कामभन्दा आजकल चर्चा परिचर्चा बटुल्न लागेको हो कि जस्तो मलाई लागिरहेको छ । त्यो चर्चा परिचर्चा त हिजो नानीमैयाँ दाहालको पनि थियो । यसले केही हुँदैन । हामीले इतिहास लेख्ने हो । हामीले इतिहास बनाउने हो । इतिहास बनाउनुपऱ्यो हामीले । हामीले नबनाए कसले बनाउँछ? कसले सम्हाल्दिन्छ? हामी जङ्गलदेखि लिएर जेलसम्म भोगेका मान्छेहरू, सबै चिज भोगेका मान्छेहरू हामीले । सारा चिज भोगेका मान्छे हामी र हामीले बनाउछौं भनेर आएका, commitment

गरेका मान्छेहरू, कबोल गरेका मान्छेहरू, हामी आज सुन्दैनौं । माननीयलाई भेट्न पर्यो भने मन्त्रीहरूलाई ज्वरो आउँछ । किन यसो भयो । माननीयहरू कोही मान्छेहरू माननीय भयो होला । कोही मान्छे मन्त्री भए होला । तर माननीयको सङ्ख्या नभईकन सरकार बन्छ? माननीयको बहुमत सङ्ख्या नपुग्दा मन्त्री भइन्छ? मन्त्री हुनेभा' त एमालेका साथीहरूले यहाँ रोस्टमबाट आएर गुनासो गर्नै पर्दैन थियो नि । त्यसकारण माननीयहरूलाई भेट्ने माननीय कुरा भन्ने । राज्य मन्त्रीहरूकै गुनासो छ । मन्त्रीले अधिकार नदेको । मन्त्रीले नचिनेको राज्यमन्त्रीलाई । संविधानले पनि नचिनेको हो कि? यस्तो स्थितिबाट चल्छ मुलुक? त्यसकारण यो स्थितिबाट हामीले मुक्त हुनुपर्छ भन्ने मेरो आग्रह हो । हामीले हामी कति दिन बाँच्छौं? हामी कसैलाई थाहा छैन । हामीलाई कति दिनसम्म हाम्रो यात्रा हुन्छ हामी सबैलाई थाहा छैन । तर पनि हामीमा अहङ्कार जन्मिएको छ । मभन्दा शक्तिशाली मान्छे कोही छैनन् । मभन्दा बहादुर मान्छे कोही छैन भन्ने खालको अहङ्कार जन्मिएसी यो अहङ्कारले हामी सबैलाई खान खोजिरहेको छ कि भन्ने मेरो चिन्ता हो । म चिन्ता गरिरहेको छु आज । त्यसकारण आज पनि दुनियाँमा हेर्छु मैले । यो टीआरसीको बिलको विषयमा अघि पनि प्रतिपक्षले चिन्ता गरेको सरकारले केही गरेन भनेर सरकारले केही गर्न खोज्दाखेरि संसदभित्र अवरोध खडा गर्ने, संसद चल्न नदिने संसदलाई अगाडि बढ्न नदिने अनि टीआरसी सहमतिमा पास गरौं भनेर प्रधानमन्त्रीले पटक पटक आह्वान गर्दा meeting बस्ने । बाहिर निक्लिनेबित्तिकै अर्को खालको अभिव्यक्ति दिने, भित्र टाउको हल्लाउने बाहिर आएपछि अर्को खालको टाउको हल्लाउने पत्रकार देखेपछि अर्को खालको टाउको हल्लाउने, माधव नेपाल र झलनाथमध्ये कुन नेता मन पर्छ भन्दाखेरि मलाई ऋषि धमला मन पर्छ भन्ने अभिव्यक्ति दिने प्रतिपक्ष दलको नेता । प्रचण्ड र शेरबहादुरमा को मन पर्छ भन भनेर भन्दाखेरि मलाई ऋषि थपलिया मन पर्छ भनेर अभिव्यक्ति दिने प्रतिपक्ष दलको नेताबाट के आशा गर्न सकिन्छ? जो आफैंसँग हिजो पनि पार्टी एकता गर्दाखेरि मुठ्ठी बटारेको हामी देखेको हो । मुठ्ठी बटारेर पार्टी एकता गरेको हो । आज आफूसँग असहमति हुनेबित्तिकै त्यो प्रचण्ड गनाउने भए? त्यो शेरबहादुर गनाउने भए? कुनै दिन मगमग perfume गन्ध आउने अनि अर्कोपल्ट गनाउने हुन्छ? यो खालको चरित्रको कारणले हामी राजनीतिक असफलता प्राप्त गरिराखेका छौं । हामी सबैको असफलता हो यो । सरकारको मात्रै असफलता होइन । प्रतिपक्षको पनि असफलता हो । अझ सरकारले विधेयकहरू ल्याउनुपर्‍यो । धेरै कानुनहरू बनाउनुपर्‍यो बजेट अधिवेशन थियो । बजेट अधिवेशनको बेला सरकारले कोसिस गर्दागर्दै पनि कति कानुनहरू बनाउन चाहँदाचाहँदै पनि सडकमा सरोकारवालाहरूको नाममा जुलुस निस्केका कारणले, आन्दोलन भएका कारणले, वार्ता गर्नुपर्ने बाध्यताका कारणले ती विधेयकहरू आएनन् । ती विधेयकहरू यो सदनमा आउन् भनेर सरकारसँग आग्रह गर्न

चाहन्छु । हामीले कानुन बनाउने कुरालाई कानुन बनाउने कुरामा कहीँ कतै कन्जुस्याइँ गर्नुभएन । आजको पनि यो बैठक ४ बजे बोलाउनुपर्ने के जरुरी थियो? सरकारसँग मेरो भा' थियो । दिउँसै १२/१ बजे बोलाएर तीन घन्टा पाँच घन्टा, छलफल गरेको भए हुन्थ्यो । प्रतिनिधि सभामा त नेताहरूले बोल्ने काम नै आज भएन । २४ गतेलाई सरेछ । यो कर्मकाण्डी हिसाबले काम गर्नुभएन सरकारले पनि ४ बजे । एकतिर अर्थमन्त्रीले भन्दै जाने, मितव्ययिता अपनाउनुपर्छ भन्ने, मितव्ययिता ४ बजे बैठक बोलाएपछि के भयो? ५ बजे, ६ बजे, ७ बजे बज्यो । ७ बजेपछि भत्ता दिनुपर्छ कि पर्दैन कर्मचारीहरूलाई? यो बैठक ११ बजे बोलाउँदा के बिग्रिन्थ्यो? १ बजे बोलाउँदा के बिग्रिन्थ्यो । आज नेताहरूले बोल्नुहुन्थ्यो । भोलिदेखि सदनमा विधेयकहरू अगाडि बढ्थे । त्यसकारण यो कर्मकाण्डी अभ्यास सरकारले पनि गर्नुभएन, यो मेरो आग्रह हो । र विशेष गरेर प्रतिपक्षको जिम्मेवारीका साथ अगाडि बढोस् भन्ने मेरो पनि आग्रह हो । यो राष्ट्रिय सभा हामीले एउटा अर्कै सभाको रूपमा परिणत गर्न खोज्यौं । हामी प्रतिपक्षमा हुँदाखेरि हामीले संसद अहिले अवरोध गरेनौं । हाम्रो इतिहासमै रहेन । तर साथीहरू सत्ता छोडेको केही समयपछि प्रतिपक्षमा पुगेपछि संसदमा जहिले पनि कपी गर्नुभो', कपी पेस्ट गर्नुभो' प्रतिनिधि सभाको । यसले हामीलाई ..... गरेन । राष्ट्रिय सभाको गरिमा बढाउने भन्नुहुन्थ्यो । बढ्यो कि बढेन? नेकपा एमाले सत्ताबाट बाहिर जाँदाखेरि प्रतिनिधि सभा र राष्ट्रिय सभा जहिले पनि अवरोध हुन्छ भन्ने म्यासेज जाँदाखेरि खबर जाँदाखेरि यसले प्रतिपक्षलाई पनि राम्रो भएन । हामीलाई पनि राम्रो भएन । त्यसकारण मेरो आग्रह छ विशेष गरेर अहिलेको प्रतिपक्षलाई असल प्रतिपक्ष बन्नुस् । कानुन बनाउने हो । कानुन सरकारको लागि मात्रै बनाउने होइन । कानुन देशको लागि, जनताको लागि बनाउने हो । त्यहाँ तपाईंको पनि सहभागिता होस् । तपाईंहरूको पनि समर्थन होस् । त्यसमा अगाडि बढ्ने कुरामा बढोस् भन्ने मेरो आग्रह छ ।

र यो मिटरब्याजीको अहिले पूर्व र पश्चिमतिर दुई तिरबाट मिटरब्याजीहरू मार्च पास गरेर चितवनमा भेला भएर काठमाडौं आउने भन्ने कुरा छ । फेरि पनि सरकारलाई काम गर्न नदिने, फेरि पनि सरकारलाई अवरोध खडा गर्ने बाटोमा मिटरब्याजी, यो मिटरब्याजीको फेरि के हो? किन फेरि यस्तो भयो? कानुन बनिसकेर पनि फेरि यो स्थिति किन आयो?

त्यसकारण अर्को यो सहकारीको कुरा छ अन्त्यमा । सहकारीमा उमेर पुगेपछि मेरो छोराछोरीको विवाह गर्नलाई मलाई साहुले नपत्त्याउला, बैङ्कले नपत्त्याउला भनेर आफूले दुःख गरेर कमाएको पैसाहरू जम्मा गरेका व्यक्तिहरू आज पीडित भएका छन् । शिक्षक, कर्मचारीहरू पीडित भएका छन् । पेसा गरेर बस्ने मान्छेहरू पीडित भएका छन् । सामान्यभन्दा

सामान्य मान्छेहरू पीडित भएका छन् । र भरत महर्जनजस्ता नटवरलालहरू लन्डनमा गएर दुइटा घर किनेर २० लाख पाउन्डमा घर किनेर बस्या छन् । त्यस्ता मान्छेहरूलाई सरकारले रेड कर्नर नोटिस जारी गरेर जति पनि अपराधी छन् । ती अपराधीहरू छोड्नुभएन । अपराधीहरूको, सरकार गए जाओस् न फेरि बनाउला नि सरकार । फेरि सरकारमा बसौँला नि । पूर्वप्रधानमन्त्री प्रचण्ड भनिहाल्छन् । पूर्व उपप्रधानमन्त्री नारायणकाजी भनिहाल्छन् । माननीय तपाईंहरू हुँदै हुनुहुन्छ । हामी त पर्सी बिदाई हुँदै छौँ । हामी पनि पूर्वमा हामी पनि पूर्व माननीय रही रही नि राखौँला । त्यसकारण पनि सरकार जोगाउने नाममा नेपालमा भ्रष्टाचार गर्नेहरू, अनियमितता गर्नेहरू । मैले अनियमितता गरेको छु मेरो पनि फाइल खोल्दिनुस् । म आज यहीँबाट भन्छु । तर सत्ता जोगाउने नाममा प्रतिपक्षसँग हिजोका प्रतिपक्षलाई हामीले धेरैओटा कुरा उठाएका छौँ ।

गोकर्ण रिसोर्ट, पाँच वर्षअगाडि lease contract सकिनुभन्दा पाँच वर्षअगाडि किन दियो? के interest थियो त्यो त्यतिखेरको तत्कालीन सरकारको? अन्तिम अवस्थामा गरिन्छ नि सक्किने बेलामा । ५ महिना/६ महिनामा हुन्छ नि तर ती कुराहरू कहीँ कतै नगर्ने, आफू सत्तामा हुँदा गरेका गल्तीहरू अरूले उठाइदियो भने पनि ज्वरो आउने । त्यसकारण पनि मेरो आज सबैसँग आग्रह हो, अनुरोध हो । माननीयज्यू विशेष गरेर अनुरोध हो ।

र अन्तमा नवनिर्वाचित भएर आउनुहुने एक तिहाइ माननीयज्यूहरूलाई वहाँको कार्यकाल सफलता होस् र यो राष्ट्रिय सभामा वहाँहरूलाई स्वागत गर्न चाहन्छु । र प्रतिनिधिहरूमूलक संस्थाको रूपमा जसरी सातओटा प्रदेशमा गठबन्धनले सफलता प्राप्त गर्न सकौँ राष्ट्रिय सभामा । त्यसमध्ये कोशी प्रदेशमा आंशिक सफलता मात्रै प्राप्त गर्यौं । म आज यही रोस्टमबाट नेपाल कम्युनिष्ट पार्टी माओवादीले उठाएको उम्मेदवार चम्पा कार्की, मैले वहाँसँग सङ्गत गरेको थिएन । तर निर्वाचनको बेलामा सङ्गत गर्न पाएँ । एकदम असल महिला, भद्र महिला मैले वहाँलाई तपाईंलाई राष्ट्रिय सभामा माननीयको रूपमा स्वागत गर्न पाऊँ भनेर भनेको थिएँ । त्यो क्षणमा मैले बोलेका कुराहरू यहाँ स्वागत गर्न नपाउँदा म आज सारै दुःखी छु । र आफ्नो जीवनकालमा माओवादीको युद्धमा लाग्दै गर्दा आफ्नो हातसम्म गुमाएको, अपाङ्गता भएको महिला यति असल महिला अरू पनि हुनुहुन्छ । तर मैले छोटो समयमा सङ्गत गर्न पाएको असल महिलालाई यो सदनमा देख्न नपाउँदा चाहिँ मैले स्वागत गर्न नपाउँदा म दुःखी पनि भएको छु । र अन्त्यमा सम्माननीय अध्यक्ष महोदय एउटा कुरा यो टीआरसीको बिलको कुरा, हामी हिजो सहमति गरेका हौँ । सत्तामा हुँदा एउटा कुरा बाहिर हुँदा अर्को कुरा । मैले फेरि पनि दोहोराएँ यो कुरा । यो टीआरसी विधेयकको विषयमा किन यस्तो पोल्छ? त्यो टीआरसीको कारणले

हामी त्यसमा के के गर्नुपर्छ गरौं । के के प्रधानमन्त्रीले negotiation गर्नुपर्छ, सत्तापक्षले गर्छ । प्रतिपक्षले के के उठाउनुपर्छ । उठाउने जनताको लागि नै गर्ने होला गरौं । तर यो सदनमा यसपालिको यो अधिवेशनमा टीआरसी बिल, टीआरसी बिललाई, विधेयकलाई यसलाई पास गरेर अगाडि बढौं भन्ने आग्रह गर्दै पुनः एकपटक ती नेताहरू, ती सहिदहरूप्रति फेरि पनि श्रद्धासुमन व्यक्त गर्दै बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष** :- माननीय जयन्ती देवी राई।

(१७:०२ बजे) **माननीय जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, हामी आज ऐतिहासिक पन्ध्रौं अधिवेशनमा प्रवेश गर्न गइरहेका छौं । र यो आजको दिन । यो म सबभन्दा पहिला यो दिन जुन देखाउनु, देखाउनुहुने हाम्रा ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र जुन जाजरकोट, रुकुममा गएको भूकम्पबाट धेरै मानव क्षति भएको छ । उहाँहरूलाई पनि हार्दिक श्रद्धाञ्जली दिन चाहन्छु र धेरै आर्थिक रूपमा पनि त्यहाँ क्षति भएको छ । र यसको निम्ति म सबभन्दा पहिला त तत्कालीन तुरुन्तै जुन उद्धारको निम्ति प्रधानमन्त्री जानुभयो, अवलोकन गर्नुभयो र त्यसको केही समाधानको उपायहरू खोज्नुभयो । तत्काल सरकारको जुन प्रतिनिधित्व भएको छ, त्यसमा म प्रधानमन्त्री लगायत सबै सरकारलाई धन्यवाद दिँदै जुन त्यहाँको भूगोललाई हेरेर त्यहाँ चाहिँ व्यवस्थित पुनर्वासको निम्ति चाँडो भन्दा चाँडो गरियोस् भन्ने म आग्रह पनि गर्न चाहन्छु । र भर्खरै राष्ट्रिय सभाको निर्वाचनमा जुन जितेर आउन लाग्नुभएको राष्ट्रिय सभाका माननीयज्यूहरूलाई म हार्दिक बधाई साथै उहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्न चाहन्छु । र जुन आफ्नो कार्यकाल सक्न लाग्नुभएको हाम्रा माननीयज्यूहरू हुनुहुन्छ, उहाँहरूको योगदानलाई म उच्च कदर सम्मान गर्दै उहाँहरूलाई पनि हार्दिक सम्मान गर्न चाहन्छु । र उहाँहरूको योगदानले हामीलाई जहिले नै प्रेरित गरिएको छ र गरिरहने छ । र हामी आज अत्यन्तै माननीय ज्यूहरूले भन्नुभयो धेरै अप्ठ्यारो स्थितिमा हामी उभिएका छौं ।

अहिले आर्थिक crisis, आज केही गरौंला भन्ने युवाहरू वास्तवमा मृत्युलाई रोज्नुपर्ने स्थिति, आज व्यापार यो एक किसिमको चाहिं हत्या, हिंसा र बेरोजगार यी सबै समस्याहरू हामीले र वैदेशिक हस्तक्षेप पनि त्यतिकै बढिरहेको अथाह यो मुलुकको समस्याहरू छन् । र हामीले यो अधिवेशन भनेको साँच्चै भन्ने हो भने यो विधेयक अधिवेशन हो । र यो विधेयक अधिवेशन भएको कारणले पनि आज मैले सरकारलाई ध्यानाकर्षण गर्नैपर्छ कि हामीले तुरुन्तै

धेरै कानुनहरू निर्माण गर्नुपर्ने छ । हामीले पटक पटक भनेका छौं । तुरुन्तै गर्नपर्ने हामीले अध्ययन गरेका छौं । र ४० वटा भन्दा धेरै कानुनहरू हामीले ल्याउनुपर्ने जरुरी छ यतिबेला। अहिले लोकतन्त्र कमजोर बन्दै गइरहेको, संघीयता कमजोर बन्दै गइरहेको, जबरजस्ती संघीयतालाई चाहिँ कमजोर बनाउन धकेलिरहेको बहस सुरु भइरहेको, अज किन यस्तो हो त, भयो त भन्दाखेरी आज हामीले सबैलाई थाहा छ कि कानुन निर्माण गर्न सकेका छैनौं । र भएका कानुनहरूलाई प्रभावकारी ढङ्गले लागू गर्न नसक्ने । तीनै तहका सरकारको समन्वय हुन नसकेको र यो हुन नसक्ने किन भन्दाखेरि हामीले समयमा कानुन ल्याउन सकेनौं । आज संघीय निजामती ऐन ल्याउन सकिरहेका छैनौं । आज सेना प्रहरी समायोजनको ऐनहरू ल्याउन सकिरहेका छैनौं । आज वन ऐन जस्ता थुप्रै थुप्रै धेरै कानुनहरू जस्ता कानुनहरूको अभावले गर्दा हामीले धेरै मान्छेहरूको ज्यानबाट साटिएको जुन उपलब्धि थियो यो संघीयता र यो लोकतन्त्र अझै कमजोर हुँदै गइरहेको छ । त्यसकारण पनि हामीले व्यवसाय छैन, हामी हेरिरहेका छौं यो देशको मुटु काठमाडौंमँ जहीँतहीँ सटरहरू बन्द छ, To-let लेखेको स्थिति हामी देखिरहेका छौं । र आज जतातत‌ै हामीले ल्याउन सक्नु पऱ्यो र ल्याउनु पऱ्यों । र कानुनहरू छिटो भन्दा छिटो सरकारले ल्याउनुपऱ्यो । र मुख्य जड त्यही रहेको छ त्यस कारणले आज ठुला ठुला राष्ट्र गौरवका योजनाहरू पनि हामीले सफल हुन सकिरहेको छैन । त्यसो भएको कारणले अब यो काम सरकारले चाँडोभन्दा चाँडो गर्नुपर्छ भन्ने मलाई लाग्छ। र अर्को कुरा भनेको अहिले जुन राष्ट्रिय अर्थतन्त्रको तीन खम्बे अर्थनीति भनेर हामीले भन्या छौ तर यो कुरा अहिले सहकारीलाई हेर्नुहुन्छ भने एकदमै त्यसभित्र चाहिँ अब बहुत लथालिङ्गको स्थिति छ ।

त्यो ऐन ल्याउन सकिरहेको छैनौं हामीले । आज जुन वर्गको निम्ति हामीले साना लघुवित्त र साना यो चाहिँ अब यो सहकारीहरूमार्फत चाहिँ आज तल्लो वर्गको जनताहरूले केही आफ्नो बचत संरक्षण गर्ने अझ चाहिँ ऋण उपलब्ध गराउने मनसायले धेरै मान्छेहरू डुबेका छन् । तर आज लथालिङ्गै भएर त्यो चाहिँ अब त्यस्तो खालको अवस्थामा पुग्यो जहाँ आस गर्ने अवस्थै छैन । त्यसकारणले यसलाई छिटोभन्दा छिटो सरकारले यो सहकारीहरूलाई व्यवस्थापन गर्नको निम्ति ऐन ल्याउनु पऱ्यो। र अर्को कुरा भनेको अहिले व्यवसायीहरू ठुला-ठुला व्यवसायीहरूले चाहिँ अहिले हामीले जतातत‌ै सुनिरहेका छौं । उनीहरूले यो सरकारी जग्गाहरूलाई कब्जा गरेको नाममा पक्राउ परिरहेको छ र उनीहरूलाई अनुसन्धानको घेरामा छन् । यो के हो त? सरकारले यसलाई चाहिँ अध्ययन गर्नु पऱ्यो, अनुसन्धान गर्नुपऱ्यो, सत्यतथ्य कुराहरूलाई चाहिं पत्ता लगाउनुपऱ्यो र न कि व्यापारीहरू पनि निरुत्साहित नहुन् । र सरकारको जग्गा पनि हिनामिना नहोस् । र यो ढङ्गको हामीले काम गरौं भन्ने मलाई

लाग्छ । र अर्को कुरा भनेको अहिले यो राष्ट्रियता माथि अत्यन्तै हस्तक्षेप बढेको छ । सायद त्यो विभिन्न सम्झौताहरू गरिएको छ । म त्यो अहिले भन्न चाहन्नँ । यसको निम्ति हामीले यो गलत जुन यो देशको निम्ति हित छैन, जनताको निम्ति हित नहुने यस्ता किसिमका सम्झौता, सन्धि सम्झौताहरूलाई हामीले खारेज गर्नुपर्‍यो र अध्ययन गर्नुपर्‍यो । त्यसकारणले यो कसैको पनि एउटा परेड खेल्ने यो देशलाई न बनाउँ, यसको निम्ति म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । र हामीले राष्ट्रिय सभाले धेरै महत्त्वपूर्ण कामहरू भएका गरेका छौं । तर हाम्रो कामको कुनै यसको मूल्याङ्कन पनि छैन र यसको चाहिँ अब लेखाजोखा पनि छैन, यसमा ध्यान पनि सरकारको गएको छैन । हामीले धेरै महत्त्वपूर्ण चाहिँ सार्वजनिक महत्वको प्रस्तावहरू पारित गरेका छौं, हामीले संकल्प प्रस्तावहरू पारित गरेका छौं । हामीले यो आर्थिक मन्दीको बारेमा प्रस्तावहरू पारित गरेका छौं । जतीय छुवाछुतको हामीले यसलाई विभेद प्रस्तावहरू हामीले पारित गरेका छौं । तर त्यस्तै अरू थुप्रै प्रस्तावहरू हामीले पारित गरेका छौं । यो प्रस्तावहरू पनि एउटा ऐन बनेर आउने चलन थियो । तर यो अहिले महिनौं भइसक्यो तर यो हामीले प्राप्त गर्न सकेका छैनौं । त्यसकारणले यस प्रति पनि आउने दिनहरूमा सरकारको ध्यान जान जरुरी छ, भन्न म चाहन्छु। अर्को कुरा भनेको जुन अब संविधान, संविधान कार्यान्वयन, संविधान कार्यान्वयन जबसम्म हामी गर्दैनौं भने हामीहरूले जुन अब सोचेका छौं, मूल रूपमा थुप्रै यो वास्तवमा मौलिक हकहरू आज थुप्रै यति धेरै मौलिक हकहरू प्राप्त गरेको हाम्रो देश हो ।

आज यो मौलिकहक हरूलाई नै हामीले एउटा के रे यसलाई कार्यान्वयन गर्न सकियो भने वास्तवमा धेरै कुराहरू हामीले गर्नु पर्छ भने हामीलाई लाग्दैन । तर किन हामीहरू गम्भीर छैनौं । आज सबै एकदम हामीले चाहिँ यो सबै मुखले चाहिँ हामी चाहिँ एकदमै भनिरहेका छौं । तर कसले गर्ने? गर्ने त हामीहरू नै होला। छेकेको पनि कसैले छैन होला। हामी सबै राजनीतिक दलका पार्टीहरू सबै सरकारमा गएको छौं, सबै सत्तामा गएका छौं । अब यो एकले अर्कालाई गाली गरेर मात्र जनताहरूको समस्या समाधान हुने छैन । आज जनताले त बुझिसकेको छ नि । कसले के गर्‍या छन्, कसले के गर्‍या छन्, सबै आन्द्राभुँडी थाहा पाइसकेका छौं । र आज किन स्थापित पार्टीहरू विस्थापित हुँदैछ भन्ने कुराको हेक्का चाहिँ आज सबैले राख्नुपर्छ । आज ठुला-ठुला पार्टीहरूको स्थिति यो ढङ्गले गिर्नु भनेको यो मुलुकको लागि राम्रो कुरा होइन । आज जसले वर्षौं देखि इतिहास बनाएको पार्टीहरू छन् । जनताले विश्वास गरेको पार्टीहरू छन् । तर आज हेर्ने हो भने तल तल गएर हामीले हेर्यौं भने यो स्थिति छैन आज । कुनै पनि मेरो पार्टी र तेरो पार्टी हैन कुनै पनि पार्टीको स्थिति छैन । वितृष्णा छ जनताहरू, केही पनि गर्दैनन् भन्ने । एक दुईवटा काम त हामीले राम्ररी गरेर देखायौं भने त

त्यस्तो खालको जनताले ठुलो ठुला कुरा त मागेको छैन नि । आज महँगीले ढाड भाँचेको छ। हरेक चामलको बोरामा चाहिँ तीन सय पचासको दरले भाउ बढेको छ । चाहे त्यो माथिल्लो quality को होस् वा तल्लो । Petrol को भाउ भर्खर बढेको छ । यो जनताको जीविकासँग सम्बन्धित कुराहरू आज हामीले यसको निम्ति सरकारको ध्यान जानुपर्दैन? त्यसकारणले म लामो कुरा नगरीकन यी कुराहरूमा पनि अब सरकारको गम्भीर ध्यान जाओस् । यो अनियमितता, क्यारे भ्रष्टाचार यति धेरै फस्टयाउँदै गएको छ । यसको अन्त्य नगरेसम्म त जनताले सुशासन विभिन्न नाममा  आज दिनप्रतिदिन चाहिँ आज भ्रष्टाचार बढ्दै गइरहेको छ । र हामीले अलिकति आशा पनि गरेको थिए । हाम्रा गृह मन्त्रीज्यू यही हुनुहुन्छ । केही कदम पनि चाल्नुभएको थियो उहाँले । अब भ्रष्टाचारीहरूदेखि लिएर क्यारे यो दलालीहरूलाई अलिकति अनुसन्धान र कार्यान्वयनमा ल्याउने कुराहरूमा उहाँले तदारुकता देखाउनुभएको थियो । त्यो निरन्तर निरन्तर हुनुपऱ्यो मन्त्रीज्यू है । हामी यही माग गर्न चाहन्छौं । र अलिकति जनता अलिकति खुसी पनि भएको थियो । त्यसकारणले यो भ्रष्टाचारको र सुशासनको निम्ति र भ्रष्टाचारको अन्त्यको निम्ति आज सरकार गम्भीर बन्नैपर्छ । आज नागरिकहरू पनि गम्भीर बन्नुस् भनेर म यो राष्ट्रिय सभाबाट चाहिँ म भन्न चाहन्छु । खाली एउटा कुरालाई लिएर एकदमै हामी चाहिँ कस्तो भयौं भने मिडियाहरूले पनि यसलाई राम्रा कुरा भन्दा पनि बढी गलत कुराहरूलाई चाहिँ बढी हाइलाइट गरिदिने । नराम्रोमात्र त भएको थिएन तर यति लामो समयसम्म आज नराम्रो मात्र भएको छैन फेरि पनि । जति राम्रो गर्न खोजिन्थ्यो, सकिन्थ्यो त्यो भएन । तर नराम्रै मात्र त भएको छैन यो मुलुकमा । धेरै योगदान र धेरै राम्रा कामहरू पनि भएका छन् नि। त्यसकारणले यो दुवै कुराहरूका हामीले चाहिँ ठिक ढङ्गले जाओस् हुनुपर्छ, भन्दै म आफ्नो कुरा यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव ।

**(१७:१५ बजे) माननीय मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल):-** सम्माननीय अध्यक्षज्यू, हामी पन्ध्रौं अधिवेशन यसलाई हिउँदे अधिवेशन पनि भन्छौं । यसको शुभारम्भको दिनमा छु आज । सबभन्दा पहिले देशमा लोकतन्त्रको लागि, पहिचान र परिवर्तनको लागि आफ्नो ज्यानको आहुति दिने सहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छौं । र हाम्रा अग्रजहरूप्रति सम्मान प्रकट गर्न चाहन्छु । हिउँदे अधिवेशन वास्तवमा यो विधेयक अधिवेशनको रूपमा लिइन्छ यसलाई । यसमा विधेयकहरू पारित गर्नुपर्ने तर संसदको प्रमुख

दायित्व पनि ऐन कानुन बनाउने नै हो । तर विगत दुईटा अधिवेशनमा हामीले एउटा विधेयक मात्र पास गर्यौं । हामी आफ्नो दायित्व पूरा गर्न सकिरहेका छैनौं । यस अधिवेशनमा शान्ति प्रक्रियासँग सम्बन्धित, वेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विधेयकलाई पारित गर्नुपर्ने । त्यसमा त निश्चित रूपमा यो तीन ओटा ठुला दल जुन यो व्यवस्था ल्याउनमा सहमति गर्नुभयो, ल्याउनुभयो तर यही सहमति नभएर चाहिँ कोठामा सहमति गर्ने, बाहिर गएर चाहिँ हाम्रो नेताका संसदीय दलका नेताले भने अनुसार त्यहाँ कोठामा चाहिँ यसरी टाउको हल्लाउने, बाहिर गएर चाहिँ यसरी यसरी गर्ने ।

त्यो गर्दा यो निश्चित रूपमा यो चाहिँ विधेयक पास हुदैन । यो सहमतिमा नै पास हुने छ । र यो आवश्यक छ, जरुरी छ पास गर्नैपर्छ, गर्नैपर्‍यो । यसपालि चाहिँ यस अधिवेशनमा जसरी पनि पास गर्नुपर्यो ।हामी सानो दलको तर्फबाट यो आग्रह हो, यो ठुला दलहरूलाई । त्यस्तै संघीयता कार्यान्वयनको लागि प्रधानमन्त्रीजी आउनुभयो थियो, गइसक्नुभयो । अब त्यो उपप्रधानमन्त्री हुनुहुन्छ। मुख्य सात ओटै मुख्यमन्त्रीहरू आएर धर्ना बस्छ भनेर भन्यो । त्यसैले संघीयता कार्यान्वयन, यो लाजमर्दो कुरा थियो यस्तो संविधान चाहिँ आठ वर्ष भइसक्यो, आठ वर्ष चाहिँ भएको तर कानुन बिना चाहिँ संघीयता कार्यान्वयन भइरहेको छैन । त्यसैले यो संघीय निजामती ऐन, संघीय प्रहरी ऐन पनि यसै अधिवेशनबाट पास हुनुपर्छ गर्नुपर्छ । यो तीनटै दलसँग, तीनटै ठुला दलसँग आग्रह छ । प्रमुख प्रतिपक्षले एकदम सकारात्मक माइकमा पनि, रोष्टममा आएर सकारात्मक कुरा हुन्छ । निश्चित रूपमा उहाँहरूले पनि गर्नुहुन्छ भने आग्रह छ । निश्चित यो पनि आवश्यक छ संघीयता। कार्यान्वयनका लागि अर्को कुरा एउटा बडो गाइँगुइँ सुनिन्छ । कि ढुङ्गा निकासी, विदेश निकासी ल्याउने चाहिँ विधेयक आउँदै छरे, आएको त छैन, आउँदै छ रे । यस्तो भयो त निश्चित रूपमा मधेशको जम्मै जमिन चाहिँ मरुभूमिमा परिणत हुन्छ । यो विदेश निकासी, ढुङ्गा विदेश निकासी कुनै पनि हालतमा हुनुहुँदैन । यसको लागि चाहिँ हामी चाहिँ जोडदार रूपमा चाहिँ यो आवाज सहित उठाइरहेका छौं । यो चाहिँ पछि गएर यो चाहिँ ठुलो विनाश हुने छ । र जनताले पनि मधेसका जनताले पनि बर्दास त गर्ने छैन । अर्को एउटा म बोर्डर साइडका जनताको पीडा चाहिँ पोख्न चाहन्छु । बोर्डर साइडमा यस्ता गाउँहरू पनि छन्, जुन गाउँको आधा यता छ भने आधा India पट्टि छ । जस्तै सर्लाहीमा भारसर भने गाउँ, मेरो ससुराली पनि त्यहीं पर्छ । भारसर जुन नेपालमा भएको बडि भारसर भन्छ र India मा भएकोलाई छोटी भारसर भनिन्छ । अब त्यता आउने जाने उसको बजार पनि India तिर । त्यता चाहिँ प्रहरीहरूले जथाभावी सानो समानहरू पनि ल्यायो भने हैरान

पार्छ । केही यस्ता पनि ठाउँ छ जहाँ बजार जानलाई India भएर फेरि नेपालकै बजार आउनु पर्छ, त्यस्ता ठाउँहरू पनि छ । हाम्रो विहेबारी हुन्छ अब मोटरसाइकिल लिएर चाहिँ राखी बन्धाउन आयो, भाइटिकामा आयो त्यति बेला उ अब भन्सार कटाउनलाई चाहिँ अब हाम्रै जिल्लामा त्यो हाम्रो गाउँतिरको border को मान्छे चाहिँ कुनौली जानुपऱ्यो, कुनौलीबाट फेरि चाहिँ यता आउनुपऱ्यो । आएन भने त्यो समात्यो भने त्यो लिलाम गरेर मोटरसाइकल नै लिलाम गरिदिन्छ । यस्ता व्यावहारिक कुराहरूले सरकारको ध्यान जाओस् । सानो तिनो चाहिँ नुनतेल आदि इत्यादि दैनिक उपभोगको समान ल्याउदा अलि विचार गरियोस् त्यस्ता माथि ।

अर्को कुरा यो स्थानीय तहमा चाहिँ विकासको काम ठप्प भएको छ । किनभने अख्तियारको हौवा, अख्तियार हौवा भएछ, अख्तियार दुरूपयोग अनुसन्धान । त्यो अहिले जुन मेयर छ । हार्ने मेयरहरूको काम यति छ कि उ धडाधड-धडाधड चाहिँ उता चाहिँ दिने । त्यो अख्तियारले प्रारम्भिक रूपमा छानबिन गरेर काम गर्न दिओस् । फाइल लगेर लग्दिन्छ । सालौं, महिनौं सालौं लगाउँछ, काम चाहिँ ठप्प छ । त्यतातिर पनि ध्यान, सरकारको ध्यान चाहिँ जाओस् । विकासको काम हेर्ने मेयरको कामै त्यतिकै छ । त्यो निवेदन लेख्यो अख्तियारमा पठाउँदै गयो । अरु केही कामै छैन । हार्ने चाहिँ बढी हुन्छ जित्ने चाहिँ एकजना हुन्छ । त्यसैले त्यतातिर पनि ध्यान चाहिँ जाओस् । र अन्तमा रुसी सेनामा अवैध रूपमा नेपाली युवाहरू भर्ना भएका छन् । र उनीहरूका आफन्तहरू सरकारसँग उनीहरू फिर्ता ल्याउनलाई हारगुहार गरिरहेको छ । त्यसमा सरकारले आवश्यक कुटनीतिक पहल गरेर चाहिँ त्यतातिर ध्यान दिएर त्यसलाई फिर्ता चाहि ल्याउनुपर्छ । त्यस्तै हाम्रो प्रविन कि नविन पनि फिर्ता ल्याउने काम चाहिँ गर्नुपर्दछ । र अन्तमा यो व्यवस्थामाथि बाहिरबाट विभिन्न आवाज उठिरहेको छ । निश्चित रूपमा यो ठुला दलका यो तीनओटा ठुला दलको नै जिम्मेवारी हो । त्यो सानो दलका पनि आफ्ना आफ्ना भनाइहरू छन्, त्यो गठबन्धनका अरु दलहरूको पनि सहयोगमा चाहिँ यो व्यवस्था माथि जुन विरोधमा आवाज आइरहेछ त्यसलाई चाहिँ कसरी गर्ने, ल्याउने कसरी समाधान गर्ने, कसरी अरू संविधानमा पनि धेरै असहमतिहरू पनि छन् । त्यो असहमतिहरूलाई सहमतिमा कसरी लग्ने? जसरी चाहिँ जनसङ्ख्या चाहिँ हाम्रै राष्ट्रिय सभामा, अब यो राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट आठ-आठ जना चुनेर आउँछ । हाम्रोमा यो बागमती प्रदेशको जनसङ्ख्या कति? हाम्रो मधेस प्रदेशको जनसङ्ख्या कति र कर्णाली प्रदेशको जनसङ्ख्या कति? तर हिस्सा बरावरको छ । त्यो जनसङ्ख्याको आधारमा पनि यो राष्ट्रिय सभा पनि गठन हुनुपर्दछ। अन्तमा फेरि यो सरकार, यो गठबन्धन बलियोसँग चलाओस् जनताको सबै आकाङ्क्षाहरू पूरा गरोस् भन्ने कामना गर्दै बिदा हुन्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष :-** माननीय तुल प्रसाद विश्वकर्मा।

(०५:२६ बजे) **माननीय तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):-** सम्माननीय अध्यक्ष महोदय, आज हामी पन्ध्रौं अधिवेशनको पहिलो दिन यहाँ उपस्थित भएका छौं । सर्वप्रथम म यो देशलाई मुलुकलाई यो ठाउँमा ल्याउनको लागि आफ्नो प्राणको आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र हालै निर्वाचित भएर यहाँ आउनुहुने नयाँ नवनिर्वाचित माननीयज्यूहरूलाई पनि अग्रिम बधाई दिन चाहन्छु । साथै यो १५औं अधिवेशनको पूर्ण सफलताको कामना गर्दछु । आज देशका अगाडि थुप्रै समस्याहरू छन् । यो देश समस्यै समस्याले भेलिएको छ । हामीले अहिले सम्म विभिन्न विषयसँग सम्बन्धित कानुनहरू बनाउनुपर्ने ती बाँकी नै छन् । महत्त्वपूर्ण कानुनहरू पास हुन सकिरहेका छैनन् । विधेयकहरू बनिरहेका थाँती नै छन् । र त्यसले देश र जनताको एउटा सरकारप्रतिको जुन विश्वास हो । सरकारप्रति जुन आशा गरेका थिए, जनताहरू त्यति विश्वस्त हुन सकिरहेको अवस्था छैन । देशको अर्थतन्त्र बिग्रिँदो अवस्थामा छ । बारम्बार हामीले भन्दै आइरहेका छौं । यो देशको आर्थिक प्रणालीलाई कसरी सुधार गर्ने? र यहाँको अर्थतन्त्रमा आत्मनिर्भर अर्थतन्त्रको विकासमा सरकारले जुन ध्यान दिनुपर्ने थियो, त्यो दिन सकेको छैन । त्यसैले जनताले प्रश्न उठाइरहेका छन् । आज देशको ठूलो युवा शक्ति विदेश पलायन भइरहेको छ । यहाँ हामीले यो युवा जनशक्तिलाई रोक्न सकिरहेका छैनौं । यहाँ रोजगारको चाहिँ नि अभाव, उद्योग कलकारखानाको विकास हामीले गर्न नसकेको हुनाले रोजगार गर्ने सक्षम युवाहरू विदेश पलायन भइरहेका छन्। कतिपय युवाहरू रसियन सेनामा भर्ना भएर आफ्नो ज्यान गुमाउनुपर्ने अवस्था छ। र त्यति मात्र होइन, यहाँको शिक्षा नीति किन यस्तो भइरहेको छ?

हाम्रो विद्यार्थीहरूलाई किन विश्वास जगाउन सकिरहेका छैनौं र ठूलो संख्यामा शैक्षिक जनशक्ति पनि पलायन भइरहेको छ । यहाँ निम्न वर्गका रोजगारीको खोजीमा मात्र विदेशिएको होइन। उच्च वर्गका शिक्षित पढेलेखेका डाक्टर, इन्जिनियर समेत यो देशमा कुनै भविष्य छैन भनेर देशलाई, राष्ट्रलाई दोष दिएर उनीहरू विदेश पलायन भइरहेको छन् । ती विद्यार्थीहरूको पछाडी ठुलो धनराशि विदेशिएको छ । त्यसैले देशको चाहिँ नि श्रमशक्ति मात्र होइन बौद्धिक श्रमशक्ति पनि हामीले गुमाइरहेको अवस्था छ । त्यसैले यसप्रति सरकारको तदारुकताका साथ ध्यान जाओस् । र गम्भीर रूपमा यसलाई लिइयोस् । हामीले सुन्ने गरेका छौं स्कुल, कलेजहरू चल्न नसकेर आज merge भइरहेका छ, merge हुने अवस्थामा आएको छ ।

विश्वविद्यालयका कोठाहरू खाली छन् विद्यार्थी नभएर। यो अवस्थालाई हामीले कसरी परिवर्तन गर्न सक्छौं? यसलाई हामीले कसरी track मा ल्याउन सक्छौं, भन्ने कुरामा वर्तमान सरकारको ध्यान गम्भीर रूपमा आकर्षित गर्न म चाहन्छु । र त्यस्तै यहाँ महङ्गी भ्रष्टाचार र जुन सामाजिक बेथितिहरू छ ।

सामाजिक न्यायका कुराहरू छन् । त्यसको अवस्था पनि दयनीय छ । भ्रष्टाचारको विषयमा यो सरकारले केही कदम अगाडि बढाएको छ । माननीय गृहमन्त्रीज्यू यही हुनुहुन्छ । उहाँको कार्यकालमा केही कुराहरू आए, हामीले उहाँलाई बधाई पनि दियौं यहीं रोष्टमबाट । विभिन्न मुद्धाहरू उठ्यो तर त्यो टुङ्गगोमा पुग्यो कि पुगेन? त्यसको result पनि जनताले खोज्छ । त्यसको सही निराकरण होस् । र बाँकी चाहिँ नि अगाडि आउन नसकेका, सत्तामा आउन नसकेका त्यस खालका गलत प्रवृत्तिहरूलाई फेरि खोजबिन गरेर भ्रष्टाचार निर्मूल गर्ने, यो समाजलाई भ्रष्टाचार मुक्त गर्ने, महंगी मुक्त गर्ने र त्यो दिशामा सरकारको कदम अझै ठोस र अझै पारदर्शी किसिमले अगाडि बढ्नुपर्ने आवश्यकता म देख्छु । र यसको लागि पनि म सरकारलाई ध्यान आकर्षित गर्न चाहन्छु । र यहाँ हामी सबैले सुन्दै आएका छौं । आज यो व्यवस्था माथि पनि प्रश्न उठाउने प्रयास गरिएको छ । जुन जनताको बलिदान र लामो सङ्घर्षबाट यो व्यवस्था हामीले ल्यायौं । आज प्रतिगामी तत्वहरूले टाउको उठाउने प्रयास गरेको कुरा तपाईं हामीबाट छिपेको छैन। उनीहरूले देशलाई फेरि पछाडि फर्काउने प्रयासमा केही मानिसहरू, केही शक्तिहरू लागेको हामीले देखेका छौं । त्यसप्रति पनि सरकार सचेत हुन जरुरी छ । उनीहरूले यसरी आफुलाई अगाडि ल्याउने अवसर किन पाए? अहिलेसम्म चाहिँ नि दबेर बसेका चाहिँ नि प्रतिगामीहरू छाती खोलेर सडकमा चाहिँ व्यवस्थाको विरुद्धमा चाहिँ नारा लगाउने र यो सरकारको विरुद्धमा नारा लगाउने साहस कहाँबाट आयो? त्यो प्रति सरकारको चाहिँ नि ध्यान गएको छ कि छैन? त्यसको चाहिँ केही अंश हामीले चाहिँ सही काम गर्न नसकेर, जनतालाई विश्वस्त पार्न नसकेर र जनताको चाहना अनुसार सरकारले delivery दिन नसकेर त त्यस्तो भइरहेको छैन । यतापट्टि पनि सरकारको ध्यान जान जरुरी छ । किनभन्दा हरेक क्रान्तिपछि प्रतिक्रान्तिले टाउको उठाउने प्रयास गर्छ नै । यो विश्व इतिहासलाई चाहिँ हामीले देखेका छौं । त्यसैले यो कुरामा पनि म सरकारलाई सचेत रहन आग्रह गर्दछु । र अहिले देशको राष्ट्रियता कमजोर हुँदै गइरहेको अनुभूति भइरहेको छ । यो राष्ट्रियतालाई हामीले अत्यन्त महत्व दिनुपर्ने कुरा छ । विभिन्न चिजमा वैदेशिक हस्तक्षेप बढेको चाहिँ नि कुरा हामीले महसुस गरिरहेका छौं । त्यसैले यो राष्ट्रिय अखण्डता र राष्ट्रियताको जगेर्नाको लागि यो सरकार सधैं चनाखो रहनुपर्छ । र यहाँ जनताले विकास, सुशासन र सामाजिक न्यायको कुरा

चाहिँ खोजिरहेका छन् । हाम्रो सरकारले पनि यो दिन्छु भनेर commitment गरेको छ । तर जनताले आशा गरे जति सरकारबाट त्यसको delivery भएको छैन । सामाजिक न्यायको क्षेत्र पनि धेरै कमजोर छ । दलितहरू माथिका उत्पीडन र दलितहरू माथिको भेदभावका घटनाहरू हामीले सधैं छापामा पढ्ने गरेका छौं, media मा सुन्ने गरेका छौं । त्यसमाथि कमी आएको छैन । दलित माथिको उत्पीडन र छुवाछुत अन्त्यको निम्ति संकल्प प्रस्ताव पारित गरेका छौं । तर त्यसलाई कार्यान्वयन गर्ने सवालमा सरकारले ध्यान पुर्याउन सकिरहेको हामीले अनुभूति गरेका छैनौं । यसतर्फ पनि सरकारको ध्यान जाओस् भन्ने म आग्रह गर्न चाहन्छु । र यो व्यवस्थाको विकल्प राजतन्त्र हुन सक्दैन कुनै पनि हालतमा । त्यसैले हामीले यो व्यवस्थालाई कसरी संरक्षण गर्ने र कसरी अगाडि बढाउने र यसलाई कसरी कामकाजी बनाएर जनताको आकांक्षा र उनीहरूको आवश्यकतालाई कसरी परिपूर्ति गर्ने कुरामा यो सरकार दत्तचित्त होस् । र अझै प्रभावकारी ढङ्गले र अझै चाहिँ तदारुकताका साथ बाँकी रहेका कामहरू जनताका हितका निम्ति बन्नु पर्ने ऐनकानुनहरू र उत्पिडित वर्गलाई राहत महसुस हुने किसिमले दिनुपर्ने चाहिँ सरकारको तर्फबाट दिनुपर्ने delivery प्रति सरकार चाहिँ सचेत रहन मैले आग्रह गर्दै आफ्नो छोटो भनाइ यहीं टुङ्ग्याउन चाहन्छु । धन्यवाद।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार आलेमगरलाई समितिको म्याद थपको प्रस्तावसहित "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

**(१७:३६ बजे)** <u>**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, आज राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको पहिलो दिन यस अवसरमा सबभन्दा पहिले त यो पन्ध्रौं अधिवेशनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । र यसो भनिरहँदा म १० वर्ष महान् जनयुद्ध ऐतिहासिक जनआन्दोलन र विभिन्न सङ्घर्षहरूमा आमूल परिवर्तनको लागि आफ्नो जीवनको बलिदानी दिनुहुने सम्पूर्ण आदरणीय महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । बेपत्ता योद्धा, घाइते, अपाङ्गहरूप्रति उच्च सम्मान र स्मरण गर्न चाहन्छु । यसैबिच यो समितिको प्रतिवेदन तयार पार्ने सिलसिलामा गठन भएको यो समिति राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको एक जना माननीय सदस्य अनिता देवकोटाजीको, देवकोटाजीको ममतामयी आमा

जीवनकुमारी पोखरेलजीको केही दिन अगाडि दुःखद् असामयिक निधन भएको थियो । वहाँ अझै पनि शोकमा हुनुहुन्छ । वहाँको आमाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । शोकाकुल परिवारप्रति गहिरो समवेदना पनि प्रकट गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो समितिको प्रतिवेदन पेस गरिरहँदा मलाई मेरो दिमागमा तीनटा कुराहरू जबरजस्त रूपमा ठोक्किए । हामीले यो समितिको नियमावली राष्ट्रिय सभाको नियमावलीको संशोधन तयार पारिरहँदा, त्यसमाथि छलफल गरिरहँदा तीनटा कुराहरू, तीनटा पक्षहरू हाम्रो दिमागमा ठोक्किए । र ती कुराहरू थिए । हाम्रो सोचाइ, हाम्रो मानसिकता, यो राष्ट्रिय सभालाई हामी कसरी हेर्छौं? यसप्रति हाम्रो धारणा के छ? पहिलो कुरा । दोस्रो कुरा संविधान, यो संविधानले कस्तो व्यवस्था गरेको छ यो राष्ट्रिय सभाको बारेमा? त्यसै गरी अर्को चाहिँ हामी यो राष्ट्रिय सभाका सदस्य हामी हाम्रो व्यक्तिगत क्षमता, योग्यता, क्रियाशीलता, सिर्जनशीलता कस्तो छ? यी तीनटा पक्षहरूसँग ठोक्किए । र यसैको सेरोफेरो हामीले जुन यो प्रतिवेदन तयार पार्‍यौं । यो पेस गरिरहँदा म एकातिर खुसी, सन्तुष्टि र गर्वको अनुभूति हुन्छ । र अर्कोतिर केही नमिठो, नमिठो पनि अनुभूति रहिरहेछ । खुसी, सन्तुष्टि र गर्व यसकारणले यो समितिको नियमावली जुन हामीले मस्यौदा पेस गरिरहेका छौं । यसले निश्चित रूपमा राष्ट्रिय सभाको मर्यादा यसको गरिमा यसको महत्त्व र यसको प्रभावकारितालाई उँचो बनाउने छ । best गर्ने छ भन्ने लाग्छ भने । अर्कोतिर नमिठो नमिठो किन लाग्छ भन्दाखेरि, हामीले अगाडि बढ्दा जोसजाँगरका साथ अगाडि बढ्दा, सर्वसम्मति कायम गरेर अगाडि बढ्दाखेरि पुरुषवादी मानसिकता, please note my word, मेरो शब्द ध्यान दिनुहोला । पुरुषवादी मानसिकता र केही ऐन कानुनका पर्खालहरू हाम्रो अगाडि तेर्सिए । पुरुषवादी मानसिकतालाई त हामीले चियौं र अगाडि बढ्यौं । तर ऐन कानुनको पर्खाल यस्तो रहेछ कि अवैध ती पर्खाल हामीले चिर्न सकेनौं । त्यसैले अन्ततः हामीलाई चिसो पानीले नुहाउनुपर्‍यो । र बहादुरीका साथ पछि हट्नुपर्‍यो । त्यसैले थोरै थोरै नमिठो हामीलाई लागिरहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, संघीय संसद राष्ट्रिय सभाको आफ्नो कार्य सञ्चालन गर्न बैठक र सुव्यवस्था कायम गर्न र समितिहरूको गठन कामकार्यवाहीलाई व्यवस्थित गर्ने राष्ट्रिय सभा नियमावली, २०७५ कार्यान्वयन नभएको आएको करिब ६ वर्ष हुनै लाग्दा यस अवधिमा सभा तथा समितिका कामकार्यवाहीका सम्बन्धमा देखापरेका प्रक्रियागतले गर्दा केही अन्य कमी कमजोरी अथवा यसलाई अपुग नपुग भनौं, पहिचान गरी समयानुकूल परिमार्जन गर्न नियमावलीको संशोधनको मस्यौदा तयार गरी सभामा प्रतिवेदन पेस गर्न सभाको २०८० असोज २६ गतेको बैठकबाट राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समिति गठन

भएको थियो । म त्यसको पहिला ज्येष्ठ सदस्य थिएँ । पछि मेरो promotion भएर सभापति भएँ । प्रमुख त म समितिको थिएँ । तर सभापति भएछु सभाको । सभाको पति भएछु, सभापति । यो १३ सदस्य समिति गठन भएको थियो । कस्तो ..... मिठो कुरा छ भने कुनै चाहिँ प्रमुख सभाको  प्रमुख सभामुख हुन्छ । कुनै सभाको प्रमुख अध्यक्ष हुन्छ । हाम्रो यो समितिको प्रमुख चाहिँ सभापति हुनुपर्ने । समिति पति होइन सभापति । समितिलाई प्राप्त कार्यावधि २०८० पुस १४ गते सम्म रहेकोमा समिति गठन भए लगत्तै सुरु भएका नेपालीहरूका दसैं, तिहार, छठजस्ता महान् पर्व एवम् कार्तिक १७ गते जाजरकोटको भूकम्पबाट भएको क्षतिका सम्बन्धमा राहत, उद्धार एवम् पुनर्स्थापनालगायतका कार्यमा समितिका सदस्यहरू संलग्न हुनुपरेको कारण २०८० मङ्सिर २० गते मात्र समितिले कार्य प्रारम्भ गरेको थियो । समितिले कार्य प्रारम्भ गरेसँगै कार्ययोजना तयार गरी आफ्नो अध्ययन तथा छलफलको कार्यलाई निरन्तर अगाडि बढाएको थियो । समितिले आफ्नो कार्यलाई व्यवस्थित तवरले सम्पादनका लागि छलफलकै सुरुआतकै क्रममा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू र माननीय उपाध्यक्षज्यूबाट निर्देशन तथा राय सुझाव प्राप्त गरेको थियो । त्यसै गरी समितिहरूका सभापति, दलका नेता, मुख्य सचेतक तथा प्रमुख सचेतकहरूसँग छलफल गरी नियमावली संशोधनका विषयमा सुझाव प्राप्त गरेको थियो । यसका अतिरिक्त समितिले संसदसम्बन्धी अनुभव प्राप्त पूर्वसदस्यहरू, संसदीय मामिला तथा कानुनको क्षेत्रमा अनुभव प्राप्त व्यक्तिहरू संघीय संसदका कार्यवाहक महासचिव, सभाका सचिवहरू, सचिवालय सचिवहरू, पूर्व महासचिवहरू र प्रतिनिधि सभा कार्यव्यवस्था महाशाखासँग समेत छलफल गरी सुझाव प्राप्त गरेको थियो ।

सम्माननीय अध्यक्ष महोदय, समितिलाई प्राप्त भएका निर्देशन, राय, सुझावसमेतका आधारमा नियमावलीको नियमगत रूपमा छलफल गरी समितिले प्रारम्भिक मस्यौदा तयार पारेको थियो । र उक्त मस्यौदामाथि पुनः छलफल गरी दोस्रो मस्यौदा तयार गरिएको थियो । दोस्रो मस्यौदाका सम्बन्धमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, तथा माननीय उपाध्यक्षज्यू एवम् समितिका सभापतिज्यू, दलका नेता, मुख्य सचेतकबाट तथा प्रमुख सचेतकहरूबाट पुनः सुझाव लिइएको थियो । दोस्रो चरणका मस्यौदाका सम्बन्धमा कानुन तथा संसदीय मामिलाका जानकार व्यक्तित्वहरूसँग मस्यौदाको संवैधानिक तथा कानुनी सामञ्जस्यताका बारेमा सुझाव लिइएको थियो । चरण चरणमा गरिएका छलफल र प्राप्त सुझावका आधारमा समितिले अन्तिम मस्यौदा तयार गरेको थियो । समितिले कार्य गर्दागर्दै समितिलाई तोकिएको समयमा कार्यसम्पन्न गर्न सम्भव नभएको र सभाको अधिवेशनसमेत सुरु भई नसकेको हुनाले २०८० माघ १६ गतेसम्म म्याद थप गर्न सम्माननीय अध्यक्षज्यूसँग अनुरोध गर्ने र पछि सभाको बैठकबाट अनुमोदन

गराउने भनी मिति २०८० पुस १३ गतेको बैठकले निर्णय गरी सम्माननीय अध्यक्षज्यूसमक्ष लिखित अनुरोध गरिएको थियो । समितिका उक्त अवधिसम्म जम्मा १९ ओटा बैठकहरू बसेका थिए ।

सम्माननीय अध्यक्ष महोदय, सभाले समितिलाई दिएको कार्यदेशको परिधिभित्र रही मूलतः सभा र समिति सञ्चालनका सन्दर्भमा देखापरेका कठिनाइ एवम् प्रक्रियागत, कार्यविधिगत, कमीकमजोरी र अपुग नपुगको पहिचान गरी त्यस्ता विषयहरू परिमार्जन गरेको छ । त्यसै गरी सम्भव भएसम्म प्रक्रियागत र कार्यविधिगत विषयहरूमा प्रतिनिधि सभाको नियमावली, २०७९ सँग एकरूपता कायम गर्ने गरी र केही लोकतान्त्रिक मुलुकका असल अभ्यासलाई समेत आधार मानी सभाको कार्य प्रभावकारिता बढाउने तथा सभाको मर्यादा, गरिमा, प्रतिष्ठा एवम् भूमिका अभिवृद्धि गर्ने विषय क्षेत्रभित्र रही यो मस्यौदा गरिएको छ । यसरी हामीले यो मस्यौदा तयार पारिरहँदा हामी हामी संविधानलाई पनि हामीले मध्यनजर गर्नै पर्ने भयो । त्यसो गरिरहँदा हामीलाई  गहिरो गरी के अनुभूति भयो भने संविधानमै पनि राष्ट्रिय सभाको बारेमा केही संशोधन गर्नुपर्ने आवश्यकता छ । तर हाम्रो कार्यक्षेत्र नपरेको हुनाले हामीले त्यहाँ प्रवेश गर्न सकेनम् । त्यहाँ  intervene हामीले गर्न सकेनम् तर समितिलाई जोडदार रूपमा अनुभूति भएको कुरा । राष्ट्रिय सभाको विषयलाई लिएर संविधानमै पनि संशोधन गर्नुपर्छ भन्ने कुरा संविधानलाई पनि संशोधन गर्नुपर्ने छ भन्ने कुरा म यहाँ जोडदार रूपमा राख्न चाहन्छु । मस्यौदामा समावेश गरिएका केही प्रावधानहरू सङ्क्षेपमा निम्नानुसार रहेका छन् । पहिलेका नियमावलीमा नभएका कुराहरू र अहिले यहाँ राखिएका ऐतिहासिक र महत्त्वपूर्ण कुराहरू म तपाईंहरूसँग राख्न चाहन्छु । यी कुराहरूका आधारमा मलाई चाहिँ व्यक्तिगत रूपमा के लाग्छ भने हामीले नियमावलीका सन्दर्भमा छलाङ मारेका छम् । क्रमभङ्ग गरेका छम् । त्यहाँ पहिलो बुँदा छ ।

अध्यक्ष, उपाध्यक्ष र सभापतिको पद रिक्त भएको मितिले १५ दिनभित्र निर्वाचन गरिसक्नुपर्ने व्यवस्था गरिएको । यो यस्तो व्यवस्था थिएन । अहिले हामीले गरेम् । आकस्मिक समय र प्रादेशिक सरोकार समयको व्यवस्था गरिएको । हामीले यो मस्यौदा नियमावलीको अध्ययन गर्दा र मस्यौदा गर्ने सन्दर्भमा हामीलाई जोडदार रूपमा अनुभुति भएको कुरा अरू त थुप्रै छन् । दुइटा जोडदार रूपमा अनुभूति भयो हामीलाई । त्यो के भन्दा एउटा हाम्रो चाहिँ हामीलाई निर्वाचित गरेर पठाउनुहुने आदरणीय मतदाताहरू हाम्रो निर्वाचनमण्डल electoral college प्रति हाम्रो जवाफदेहिता के? पहिलेको नियमावलीमा त्यो थिएन । अर्को चाहिँ के छ भन्दाखेरि प्रतिनिधि सभामा त विभिन्न sectorial कमिटीहरू छन् । उनीहरू हरेक समितिलाई विधेयक कानुन बनाउने अधिकार छ । तर हाम्रो राष्ट्रिय सभामा चाहिँ एउटा

समितिलाई मात्रै त्यो अधिकार छ । विधायन व्यवस्थापन समितिलाई बाँकी समितिहरूलाई त्यो अधिकार छैन । तर अरू समितिका माननीय सदस्यहरू पनि राष्ट्रिय सभामा सदस्य हुनुहुन्छ । वहाँहरू पनि ऐन कानुन निर्माणमा सहभागिता हुनुपर्ने हुन्छ । त्यो भूमिका खोई त? त्यो कसरी गर्ने त भन्ने कुरा अनुभूति भएर त्यसको पनि हामीले व्यवस्था गर्‍यौं । हामीले एउटा चाहिँ त्यो सम्बन्धमा प्रदेश सरकारको व्यवस्था हामीले गर्‍यौं । प्रादेशिक सरोकारको समय जुन समयमा हामीले प्रादेशिक विषय प्रदेश र स्थानीय तहका विषयवस्तुलाई हामीले उठाउछौं ।

त्यसै गरी तोकिएको समयमा बैठक प्रारम्भ हुने व्यवस्था प्रबन्ध गरिएको । अर्को प्रतिनिधि सभा नरहेको अवस्थामा, प्रतिनिधि सभा नरहेको अवस्थामा नेपाल सरकारको नीति तथा कार्यक्रम वा राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा हुने सम्बोधन राष्ट्रिय सभामा हुने व्यवस्था गरिएको । यहाँ के हुन्छ भन्दाखेरि राष्ट्रिय सभा त permanent body भएको हुनाले यो अहिले अन्त्य हुँदैन । यो whole system मै ध्वस्त हुन पर्‍यो । होइन भनेदेखि के भन्छ प्रतिनिधि सभा चाहिँ त शून्यमा जान सक्छ । तर राष्ट्रिय सभा जाँदैन । त्यसका बाबजुद सरकारले के गरेको पायौं त हामीले कुनै पत्रकार सम्मेलन गरेर बजेटको चाहिँ अध्यादेश ल्याएर बजेट सार्वजनिक गरेको अथवा कुनै अफिसको हलमा गएर त्यो बजेट सार्वजनिक गरेको राष्ट्रिय सभालाई चाहिँ बिल्कुलै बिल्कुलै उपेक्षा गरिएको हो । त्यस्तो नहोस् भन्नका लागि प्रतिनिधि सभा नभएको अवस्थामा राष्ट्रिय सभा यी कुराहरू चाहिँ पेस गरियोस् भन्ने हामीले व्यवस्था गरेका छौं । एक चौथाइ सदस्यले अधिवेशनका लागि अनुरोध गर्न सक्ने व्यवस्था यो पनि पहिला थिएन, हामीले गरेका छौं ।

त्यसै गरी आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशिक सरोकारको समयमा बोल्ने सदस्यले । यो ३/४ ओटा समयको व्यवस्था हामीले गरेका छौं । आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशिक सरोकारको समय यी समयमा सदस्यले बोलेका कुरा सात दिनभित्र सम्बन्धित मन्त्रीले माननीय मन्त्रीज्यूहरूको मैले ध्यानाकर्षण गराउन चाहन्छु । सात दिनभित्र सम्बन्धित मन्त्रीले जवाफ दिनुपर्ने व्यवस्था गरिएको ।

अधिवेशन अवधिमा संसदमा उठेका विषयको जानकारी प्राप्त गरी मन्त्रीसमक्ष रिपोर्टिङ गर्न मन्त्रालयले प्रतिनिधि खटाउनुपर्ने व्यवस्था गरिएको यो कुरा पनि माननीय मन्त्रीज्यूहरूलाई, माननीय उपप्रधानमन्त्री पनि हुनुहुन्छ यहाँ । वहाँहरूको पनि ध्यानाकर्षण गराउन चाहन्छु ।

राष्ट्रिय सभामा पनि प्रधानमन्त्रीसँगको प्रश्नोत्तर कार्यक्रम रहनेसम्बन्धी व्यवस्था गरिएको, सम्माननीय प्रधानमन्त्रीजी यहाँबाट हिँडिसक्नुभएको छ । सम्माननीय अध्यक्षज्यूमार्फत यो कुरा म प्रधानमन्त्रीज्यूको पनि ध्यानाकर्षण गराउन चाहन्छु । हुन त पछि यो नियमावलीमा प्रकाशित

हुने छ । वहाँहरूले पढ्नुहुने नै छ । यो पनि एउटा महत्त्वपूर्ण महत्त्वपूर्ण प्रावधान यो नियमावलीमा हामीले राखेका छौं ।

सभाको निर्देशन वा रुलिङ तथा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, सङ्कल्प प्रस्ताव तथा ध्यानाकर्षण प्रस्तावको प्रक्रियागत कार्यविधि थप स्पष्ट गरी प्रस्तावमा उल्लेखित विषयको कार्यान्वयनको विषयलाई प्रभावकारी बनाउने प्रबन्ध गरिएको । अध्यादेश जारी हुनासाथ सदस्यको जानकारीलाई सरकारले उपलब्ध गराउनेसम्बन्धी व्यवस्था गरिएको । विधि निर्माणमा नागरिकको सहभागिता सुनिश्चित गर्न विधेयक दर्ता भएपछि नागरिकले सुझाव दिन सक्ने । त्यस्ता सुझावलाई दफावार छलफलका क्रममा विचार गर्न सक्ने व्यवस्था गरिएको । यो पनि एउटा महत्त्वपूर्ण व्यवस्था हामीले गरेका छौं ।

समितिले विधेयकमाथि दफावार छलफल गरी ६ महिनाभित्र सक्नुपर्ने व्यवस्था गरिएको । यो पहिला थिएन । विधेयक प्रस्तुतकर्ता सदस्यले ६ महिनासम्म पनि विधेयक फिर्ता पनि नलिएमा र विधेयकको कार्यबाहीअगाडि पनि नबढाएमा सभाले अर्को कुनै सदस्यलाई विधेयकको प्रस्तुतकर्ता सदस्य तोक्न सक्ने व्यवस्था गरिएको । गैरसरकारी विधेयकलाई प्राथमिकता दिने गरी विभिन्न प्रबन्ध गरिएको । यो एउटा अर्को महत्त्वपूर्ण ऐतिहासिक प्रावधान पनि भन्न चाहन्छु म यसलाई । यस्तो व्यवस्था हामीले गरेका छौं । गैरसरकारी विधेयक अहिलेसम्मको संसदको इतिहासमा जम्मा तीनओटा गैरसरकारी विधेयकहरू पारित भएका रैछन् । त्यसलाई महत्त्व दिनका लागि, महत्त्व दिँदै यसलाई चाहिँ encourage गर्नका लागि हामीले यो प्रावधान राखेका छौं । त्यसै गरी प्रतिनिधि सभाबाट प्राप्त गैरसरकारी विधेयकको हकमा विधेयकको प्रस्तुतकर्ता प्रतिनिधि सभाको सदस्यले सभामा हुने विधेयकको कामकारबाहीमा प्रस्तुतकर्ता सदस्यको हैसियतले भाग लिन पाउने व्यवस्था पनि गरिएको । माननीयज्यूहरूको ध्यानाकर्षण म कता गराउन चाहन्छु भने । सम्माननीय अध्यक्ष महोदयमार्फत प्रतिनिधि सभाले त्यस्तो व्यवस्था गरेको छैन । हामीलाई त्यहाँ जान दिइएको छैन । हामीले चाहिँ यो व्यवस्था गरेका छौं । हामीले के सोच्यौं भन्दाखेरि समितिले बैगुनीलाई गुनले मारी दिऊँ न ।

प्रतिनिधि सभाबाट प्राप्त पुनर्विचारका लागि राष्ट्रपतिबाट विधेयक फिर्ता भएमा पुनर्विचारका लागि प्राप्त बुँदामा सदस्यले छलफल गर्न पाउने व्यवस्था गरिएको । समितिको नाममा सामान्य हेरफेर गरी कार्यक्षेत्रलाई पुनरावलोकन गरी व्यापक र बृहत् गरिएको । एउटा समितिका माननीयज्यू जसबाट यो नाम किन फेरिएको भन्ने गुनासो आइरा' छ । वहाँहरूको ध्यानाकर्षण होस् । समितिको नाममा सामान्य हेरफेर गरी कार्यक्षेत्रलाई पुनरावलोकन गरी व्यापक र बृहत् गरिएको साथै प्रत्येक समितिको काम कर्तव्य र अधिकार थप गरिएको यस्तो किसिमको व्यवस्था

गरिएको छ । त्यसैले नामबाट यो शब्द हट्यो कि त्यो शब्द हट्यो त्यो किन राखिएन भन्ने चिन्ता गर्नुपर्दैन भन्ने लाग्या छ ।

समितिको सभापति लामो समय उपस्थित हुन नसकी बैठक बस्न नसक्ने अवस्था भएमा ज्येष्ठ सदस्यले समितिको बैठक बोलाउन र अध्यक्षता गर्न सक्ने व्यवस्था गरिएको । लामो समयसम्म उपस्थित नभएमा २/४ दिन मात्रै उपस्थित नभएमा होइन । लामो समयसम्म उपस्थित नभए मात्रै त्यो व्यवस्था हो । अन्यथा अरू बेलाको लागि होइन ।

समितिको निर्देशन कार्यान्वयन योग्य बनाउन र कार्यान्वयनमा सरकारलाई उत्तरदायी बनाउनेसम्बन्धी विभिन्न प्रावधानको व्यवस्था गरिएको समितिका कार्य दोहोरोपना नहोस् भनी समितिका संयुक्त बैठक बस्न, संयुक्त अनुगमन गर्न र संयुक्त रूपमा निर्देशन दिन सक्ने व्यवस्था गरिएको हाम्रो कतिपय समितिहरूको काममा overlapping छ, दोहोरोपना छ । त्यसलाई हटाउनका लागि पनि यो व्यवस्था गरिएको छ । त्यसै गरी संसदीय निगरानीका रूपमा एकरूपता कायम गरी सरकारको कामकार्यको अनुगमन र मनोनयनका लागि प्रभावकारी बनाउन सूचकसहितको मापदण्डका आधारमा संसदीय निगरानी गरिने व्यवस्था गरिएको । त्यसै गरी हामीले संसदीय सुनुवाइको पनि यो क्यारे नियमावलीमा व्यवस्था गरेका छौं ।

सभामा सम्बन्धित निकायका वार्षिक प्रतिवेदन र समितिका प्रतिवेदनहरूमाथि छलफल हुने व्यवस्था गरिएको । सम्बन्धित निकायहरूको प्रतिवेदन हाम्रो पिजन होलमा हालिन्थ्यो । हामी घर घर त लैजान्थ्यौं तर त्यसको चाहिँ यहाँ छलफल हुन्थेन । त्यसको पनि छलफल हुनुपर्छ भन्ने व्यवस्था गरिने व्यवस्था हामीले गरेका छौं ।

त्यसै गरी सरकारले बनाउने प्रत्यायोजित विधायनका प्रतिहरू सदस्यलाई उपलब्ध गराइनुपर्ने व्यवस्था गरिएको । समिति सचिवालयलाई प्रभावकारी बनाउन समिति सचिव कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी हुनुपर्ने व्यवस्था गरिएको । राजपत्राङ्कित प्रथम श्रेणी यो हामीले यो व्यवस्था गरेका छौं । तर क्यारे सचिवालयको क्षमता कस्तो छ? जनशक्तिको स्थिति के छ? त्यो एउटा पाटो एउटा छ होला । तर हामीले चाहिँ के गऱ्यौं भन्दाखेरि यो एउटा माग गरौं न समितिको स्तर बढाउनका लागि पनि, अनि भूमिका बढाउनका लागि पनि ।

सभामा प्रस्तुत भएको कुनै प्रतिवेदन वा प्रस्तावको विषयभन्दा बढी मन्त्रीको कार्यक्षेत्रसँग सम्बन्धित भएमा एकभन्दा बढी मन्त्रीले जवाफ दिनुपर्ने व्यवस्था गरिएको । यो प्रावधानप्रति पनि म मन्त्रीज्यूहरूको विशेष ध्यानाकर्षण गर्न चाहन्छु र क्षेत्रगत सानो नीतिलाई, नीति सदस्यले उपलब्ध गराउनुपर्ने र सभामा छलफल हुन सक्ने व्यवस्था गरिएको । राष्ट्रिय सभालाई प्रदेश,

स्थानीय तहसँग जोड्ने विभिन्न संयन्त्रहरूको व्यवस्था गरिएको । यो एउटा महत्त्वपूर्ण प्रावधान हो । जुन हामीले जोडदार रूपमा अनुभूति गर्‍यौं । हामी निर्वाचित भएर आउछौं । तर मतदाताप्रति हाम्रो जवाफदेहिता छैन त्यसकारणले विशेष अवस्थामा भर्चुअल बैठक बस्न सक्ने व्यवस्था गरिएको । समितिले कार्ययोजना तथा सभाले क्यालेन्डर निर्माण गरी लागु गर्ने व्यवस्थाको प्रबन्ध गरिएको । विधायन व्यवस्था समितिबाहेक अन्य समितिको कार्यक्षेत्रअन्तर्गतको विधेयक प्रस्तुत भएमा सम्बन्धित समितिका सदस्यहरूलाई उक्त विधेयक पारित गर्न गराउन विधायन व्यवस्थापन समितिको बैठकमा सहभागी हुन पाउने व्यवस्था गरिएको हो । यसबाट यस्तो प्रावधान राखिएमा रहेक विधायन व्यवस्थापन समितिबाहेक अन्य समितिका माननीय सदस्यज्यूहरूलाई ऐन कानुन निर्माणमा हाम्रो पनि सहभागिता छ भन्ने महसुस होला भन्नसाथ यो व्यवस्था गरिएको छ ।

अर्को महत्त्वपूर्ण, ऐतिहासिक छलाङ्ग लगाउने एउटा प्रावधानको रूपमा के छ भन्दाखेरी महिला समन्वय समितिको गठन गर्ने व्यवस्था गरिएको । यो व्यवस्था थिएन, यो व्यवस्था यसमा चाहिँ थिएन । यो हामीले व्यवस्था गरेका छौं तर यस्तो भनिरहदाँ के छ भन्दाखेरी हामीले अरु चार ओटा समितिको समकक्षमा यो समितिलाई राखेका छैनौं । यो चाहिँ एउटा loose forum को समितिको रूपमा रहन्छ । अरु समितिका सभामुख, सभापति हुन्छ, यो समितिको चाहिँ संयोजक हुन्छ । त्यसैगरी अरु व्यवस्थाको बारेमा त्यही नै छ । हामीले यहाँनिर अलिकति भन्न मन लागेको छ भन्दाखेरी हामीले समितिको प्रमुख अध्यक्ष होस् भनेर अध्यक्ष शब्दको चयन गरेका थियौं, सर्वसम्मतिले । पुरुषबादी मानसिकतालाई चिर्दै यो शब्दको चाहिँ हामीले चयन गरेका थियौं । तर त्यही हो अन्तर्यमा फेरि चिसो पानीले नुहाउनुपर्‍यो, बहादुरीका साथ पछि हट्नुपर्यो त्यही हो । पुरुषबादी मानसिकताको कारणले त होइन । यसलाई हामीले चिर्‍यौं तर ऐन कानुनको पर्खाल , ऐन कानुनको पर्खाल यस्तो अभेद्य पर्खाल बनेर आयौं, हामी त्यसलाई चिर्न सकेनौं । त्यसैले यो पर्खालका विरुद्ध, यो ऐन कानुन निर्माणका अभेद्य पर्खालका विरुद्धमा हाम्रो संघर्ष जारी छ । एउटा व्यापक मोर्चाबन्दी गरेर हामीले सम्पूर्ण माननीयज्यूहरूलाई महिला, पुरुष सबै माननीयज्यूलाई तेस्रो लिङ्गी त हुनुहुन्न क्यारे, हुनुहुन्छ भने उहाँलाई पनि सबैलाई यो अभेद्य पर्खालका विरुद्ध ऐनकानुनका पर्खालका विरुद्ध व्यापक मोर्चाबन्दी गरेर यसमा भीषण हमला गर्नका लागि म हार्दिक अनुरोध गर्न चाहन्छु । सायद यो ऐन कानुन नभएको भए अहिले पनि अध्यक्षता आउँथ्यो होला । तर त्यो ऐन कानुन सेवासुविधा कुन के के भन्ने छ ऐन, सेवासुविधा कुनि के के भन्ने त्यो ऐनले गर्दा रोक्दो रहेको छ ।

त्यो ऐनले रोक्दो रहेको छ, त्यसैले हामीले त्यो गर्न सकेनौं । त्यसैले यो ऐनलाई हामी संशोधन गरेर हामी जानुपर्छ । यो सन्दर्भमा आज विहान मात्र हामी प्रधानमन्त्रीज्यूलाई भेटयौं । यो कुरो अवगत मैले गराएँ र यो ऐन कानुनले हामीलाई छेक्यो सभापतिलाई घोत्र्याएर र अध्यक्षलाई भित्र्याउनको लागि यो ऐन फेर्ने सम्बन्धमा सम्माननीयज्यूलाई पहल गरिदिनु भन्ने कुरा हामीले राख्या छौं, उहाँको चाहिँ सकारात्मक जवाफ छ । त्यसैले यो तर्फ हामीले लाग्नुपर्ने छ । र यतिवेला महिलाको चाहिँ छ, महिलाको समन्वय समिति बनेको छ तर यसको अर्थ महिलाहरू मात्रै उत्पीडित छन् भन्ने होइन । यो समाजमा हाम्रो यो समाजमा थुप्रै उत्पीडित छन् । सवभन्दा उत्पीडित त दलित छन् । (**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य व्याख्यात्मक भन्दा बुँदात्मकमा जाऔं ।) आदिवासी जनजाति छ, मुस्लिम लगायतको छ । त्यसको पनि सायद पछि पछि हुँदैजाला अहिलेलाई यति भने हामीले यो समिति गठन गरेका छौं । सम्माननीय अध्यक्ष महोदय, अन्तमा समितिका काम कार्यवाहिलाई प्रभावकारी रूपमा सम्पादन गर्न तथा नियमावलीमा देखिएका कमी कमजोरीहरू पहिचान गरी संशोधन गर्नु पर्ने विषय अन्तराष्ट्रिय उदाहरणीय अभ्यास लगायतका विभिन्न पक्षमा मार्गदर्शन गर्ने राष्ट्रिय सभाका प्रमुखज्यूहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । सभाको कार्य व्यवस्थित रूपमा सञ्चालन गरी सभालाई प्रभावकारी बनाउने सम्बन्धमा समितिलाई आफ्नो अमूल्य सुझाव दिने राष्ट्रिय सभाका माननीय उपाध्यक्षज्यू, सभाका विषयका समितिका सभापतिज्यूहरू, दलका नेताहरू, मुख्य सचेतक, प्रमुख सचेतक लगायतका पदाधिकारीज्यूहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । राष्ट्रिय सभा नियमावलीमा भएको हरेक नियममा भएका व्यवस्था र संशोधन हुनुपर्ने विषयमा गहन अध्ययन छलफल गरी मस्यौदा तयार गर्न निरन्तर खटिनुहुने समितिका माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । नियमावलीको संशोधनसम्बन्धी विषयमा सुझाव दिई समितिको काममा सहयोग पुऱ्याउनुहुने संघीय संसदका पूर्व महासचिव, कार्यवाहक माहासचिव, समितिका हरेक बैठकमा उपस्थित भई रचनात्मक सूझाव दिनुहुने तथा, समितिको कामका समन्वयात्मक रूपमा सहयोग पुऱ्याउनुहुने राष्ट्रिय सभाका सचिव, सचिवालय सचिव, विज्ञको रूपमा उपस्थित भई विभिन्न आयामबाट सुझाव प्रदान गर्ने विषयविज्ञहरू, समिति सचिव, समितिमा कार्यरत कर्मचारी तथा सिङ्गो सचिवालय परिवार, सञ्चार जगत्, सुरक्षाकर्मी लगायत प्रत्यक्ष, परोक्ष रूपमा सहयोग गर्नुहुने सबैप्रति समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु । सम्माननीय अध्यक्ष महोदय, समितिलाई सबैबाट प्राप्त भएको समयअवधि भित्र निरन्तर कार्य गर्दागर्दै पनि सम्पन्न हुन नसकी मिति २०८० माघ १६ गते सम्म बैठक बसी प्रतिवेदन तयार गरेको बेहोरा अनुरोध गर्दै समितिको निर्णय बमोजिम २०८० पुस १५ गते देखि २०८० माघ १६ गते सम्म म्याद थपको

प्रस्ताव सहित सम्माननीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को संशोधन मस्यौदा समिति २०८० को प्रतिवेदन सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१८:०१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार आलेमगरले राख्नुभएको समितिको म्याद थपको प्रस्तावलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले टेबुल ठोकेर सहमति जनाउनुभएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको म्याद थपसम्बन्धी प्रस्तावलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतलाई "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१८:०२ बजे) **माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पेस गर्ने र सो प्रक्रियामा हुने छलफललाई समयावधि प्राप्त गर्ने उद्देश्यले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६" मा रहेका त्यस्ता समयावधि संशोधन आवश्यक भएको र संघीय संसदको अधिवशेन नभएकोले नेपालको संविधानको धारा ११४ को संवैधानिक व्यवस्थाबमोजिम सम्माननीय सभामा यो अध्यादेश पेस गर्दछु । धन्यवाद ।

(१८:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङको तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाललाई नेपाल सरकार मन्त्रिपरिषद्को २०८० पुष २४ गतेको निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन,

२०७१ को दफा ४२ को उपदफा (२) बमोजिमको बाधा अड्काउ फुकाउ आदेश पेस गर्न समय उपलब्ध गराउँछु ।

(१८:०३ बजे) **<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३८ बमोजिम गठन भएका बेपत्ता परिवार व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यावधि संवत् २०८० साल पुष मसान्तसम्म रहेकोमा ती आयोगबाट सम्पादन हुनुपर्ने शान्ति प्रक्रियाका काम बाँकी रहेकाले सोही ऐनको दफा ४२ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८० पुष २४ को निर्णयबाट संवत् २०८१ साल अनुसार मसान्तसम्म कार्यावधि थप गर्ने गरी आदेश जारी भएकोले सोही दफाको उपदफा (२) बमोजिम उक्त आदेश सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१८:०४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल माघ २४ गते बुधवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल माघ २४ गते बुधवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगित:- १८:०४ बजे ।**